मङ्सिर – १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २३, अङ्क १५ | २०७१, मङ्सिर १–१५ | पूर्णाङ्क ५३७



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.ब.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

**माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत - अध्यक्ष**
**माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत - सदस्य**
**नायव महान्यायाधिवक्ता श्री राजनारायण पाठक, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय - सदस्य**
**अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन - सदस्य**
**वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य**
**निर्देशक प्रा.डा.श्री युवराज संग्रौला, प्रतिनिधि, काठमाडौं स्कुल अफ ल - सदस्य**
**सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत - सदस्य सचिव**

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**
शाखा अधिकृत श्री ढाकाराम पौडेल
शाखा अधिकृत श्री राजन बास्तोला
ना.सु.श्री कृष्णबहादुर गुरुङ
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**बिक्री शाखामा कार्यरत् कर्मचारीहरू**
डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष | ६ |
| संयुक्त | ९ |
| इजलास नं. १ | ३ |
| इजलास नं. २ | ५ |
| इजलास नं. ३ | २ |
| इजलास नं. ४ | ६ |
| इजलास नं. ५ | ४ |
| इजलास नं. ६ | १ |
| इजलास नं. ७ | १ |
| इजलास नं. ८ | ३ |
| इजलास नं. ९ | २ |
| एकल इजलास | ४ |
| पुनरावलोकन निस्सा | १ |
| रीत/बेरीत आदेश | २ |
| जम्मा | ४९ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, सर्वोच्च अदालत एनेक्स भवन
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७१, मङ्सिर – १, पृष्ठ १०

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवं अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधान न्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०—०१—३३३—५५**

वा

**इमेल ठेगाना**

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

---

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

# विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **विशेष इजलास** | | | **१-६** |
| १. | उत्प्रेषण | रमेशकुमार थापासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| २. | उत्प्रेषण परमादेश | सुरेन्द्र भण्डारी वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत | |
| ३. | परमादेश | अच्युतप्रसाद खरेल वि. न्याय परिषद् सचिवालयसमेत | |
| ४. | उत्प्रेषण परमादेश | सुरेन्द्र भण्डारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | |
| ५. | उत्प्रेषण परमादेश | कल्पना पन्त वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ६. | उत्प्रेषण परमादेश | मोहनकुमार पराजुली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| **संयुक्त इजलास** | | | **६-१२** |
| ७. | परमादेश | विन्दुप्रसाद गुरागाईं वि. जहुरी धामी यादव | |
| ८. | निषेधाज्ञा | पञ्चमाया तामाङ वि. पटनामाया तामाङ | |
| ९. | उत्प्रेषण परमादेश | तप्तबहादुर विष्ट वि. कल्पदीप राईसमेत | |
| १०. | उत्प्रेषण परमादेश | मालपोत कार्यालय, ललितपुर वि. उमा बज्राचार्य | |
| ११. | उत्प्रेषण परमादेश | देवहरि वन वि. हरिकला बुढासमेत | |
| १२. | निषेधाज्ञा परमादेश | यादवराज भारती वि. गीताकुमारी खड्कासमेत | |
| १३. | निषेधाज्ञा परमादेश | जिल्ला प्रशासन कार्यालय, सुनसरी वि. रामकृष्ण साह | |
| १४. | बन्दी प्रत्यक्षीकरण | राजेशबाबु श्रेष्ठ वि. वैदेशिक रोजगार न्यायाधिकरण, घट्टेकुलो काठमाडौंसमेत | |
| १५. | बन्दी प्रत्यक्षीकरण | ओम भन्ने सुरज चित्रकार वि. ललितपुर जिल्ला अदालत, ललितपुरसमेत | |
| **इजलास नं. १** | | | **१२-१४** |
| १६. | नामसारी दर्ता बदर दर्ता | भोज हजरा दुसाध वि. बन्हु हजरा दुसाध | |
| १७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सेती मुखिया भन्ने सेतीराम बोहोरा | |
| १८. | लेनदेन | दिनेशकुमार तिवारी वि. गोविन्दप्रसाद तिवारीसमेत | |
| **इजलास नं. २** | | | **१४-१७** |
| १९. | उत्प्रेषण परमादेश | प्रेमकुमारी सिंह कटुवाल वि. कर्णबहादुर सिंहसमेत | |

| | | |
|---|---|---|
| २०. | उत्प्रेषण | गुरूप्रसाद बरालसमेत वि. व्यवस्थापिका संसदको महिला, बालबालिका र समाज कल्याण समिति, संसद सचिवालयसमेत |
| २१. | परमादेश | ललिताकुमारी ठाकुर हजाम वि. जिल्ला शिक्षा कार्यालय, सिरहासमेत |
| २२. | उत्प्रेषण परमादेश | विनिताकुमारी ठाकुर वि. श्री मावि सोहनी भुजेलियासमेत |
| **इजलास नं. ३** | | **१७-१८** |
| २३. | करार बमोजिम गरिपाऊँ | दिनदयाल अग्रवाल वि. जुद्धबहादुर गुरूङ |
| २४. | लिखत बदर | रेशमकुमारी बुढाथोकी वि. गेदलाल बुढाथोकीसमेत |
| **इजलास नं. ४** | | **१८-२१** |
| २५. | निषेधाज्ञा परमादेश | विष्णुलाल श्रेष्ठसमेत वि. हरिप्रसाद शर्मा आचार्य |
| २६. | परमादेश | हरिप्रसाद शर्मा आचार्य वि. महानगरीय प्रहरी परिसर हनुमानढोका, काठमाडौंसमेत |
| २७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. नाङ्गा ढुलुप लामा |
| २८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. राजेन्द्र खड्का |
| २९. | उत्प्रेषण परमादेश | धनकृष्ण पाण्डे वि. प्रहरी प्रधान कार्यालय, सशस्त्र प्रहरी निर्देशनालय, काठमाडौंसमेत |
| ३०. | लागु औषध फेन्सिडिल | कलाम मन्सुरी मियाँ वि. नेपाल सरकार |
| **इजलास नं. ५** | | **२१-२४** |
| ३१. | बन्दी प्रत्यक्षीकरण | समीर खानसमेत वि. कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंसमेत |
| ३२. | अदालतको अवहेलना | मनोज झा मैथिल बाहुन वि. विजयचन्द्र झा मैथिल बाहुन |
| ३३. | कर्तव्य ज्यान | सरिता चाहार वि. नेपाल सरकार |
| ३४. | घर हटाई खिचोला मेटाई चलन चलाईपाऊँ | निर्मलनाथ रेग्मी वि. केदारबहादुर भण्डारीसमेत |
| **इजलास नं. ६** | | **२४-२५** |
| ३५. | ठगी | कविप्रसाद गौतम वि. नेपाल सरकार |
| **इजलास नं. ७** | | **२५-२६** |
| ३६. | उत्प्रेषण परमादेश | यादव अधिकारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| **इजलास नं. ८** | | **२७-२९** |
| ३७. | जबर्जस्ती करणी | नन्दकिशोर थेवे वि. नेपाल सरकार |
| ३८. | कर्तव्य ज्यान | ईरमान तामाङ वि. नेपाल सरकार |
| ३९. | मानव अपहरण धम्की | झलनाथ न्यौपाने वि. नेपाल सरकार |

| | | | |
|---|---|---|---|
| **इजलास नं. ९** | | | **२९-३०** |
| ४०. | खिचोला छोडाई निकास बन्द गरी चलन | बिचारी पण्डित कुम्हाल वि. झिंगन पण्डित भन्ने झिंगन पण्डित कुम्हालसमेत | |
| **एकल इजलास** | | | **३०-३२** |
| ४१. | उत्प्रेषण | जगतबहादुर शाहीसमेत वि. गुठी संस्थान शाखा कार्यालय, तबहाल, ललितपुरसमेत | |
| ४२. | उत्प्रेषण परमादेश | न्हुच्छेमान महर्जन वि. प्रेमबहादुर मानन्धरसमेत | |
| ४३. | बन्दी प्रत्यक्षीकरण | लोकमाया टण्डन वि. महानगरीय प्रहरी अपराध महाशाखा, हनुमानढोकासमेत | |
| ४४. | बन्दी प्रत्यक्षीकरण | बिमला यादव वि. जिल्ला प्रशासन कार्यलय, काठमाडौंसमेत | |
| **पुनरावलोकन निस्सा** | | | **३२-३३** |
| ४५. | कर्तव्य ज्यान | यमनाथ खनाल वि. नेपाल सरकार | |
| **रीत/बेरीत आदेश** | | | **३३** |
| ४६. | उत्प्रेषण | भीमप्रसाद उपाध्याय वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत | |
| ४७. | ठगी | छत्रबहादुर गुरूङ वि. हितजङ्ग गुरूङ | |
| **सूचना प्रविधि प्रयोगसम्बन्धी सूचना** | | | **३४** |

**सर्वोच्च अदालतका नियमित प्रकाशनहरू**

- सर्वोच्च अदालत बुलेटिन (पाक्षिक)
- नेपाल कानून पत्रिका (मासिक)
- विषयगत नजीर संग्रह, २०६३
- विषयगत नजीर संग्रह, २०६६
- विषयगत नजीर सारसङ्क्षेप सङ्कलन, २०६९ (२०१५ सालदेखि २०६९ असोज अङ्कसम्म)

भाग १ : संवैधानिक कानून
भाग २ : सार्वजनिक सरोकार
भाग ३ : मानव अधिकार तथा लैङ्गिक न्याय
भाग ४ : देवानी कानूनः सम्पत्ति
भाग ५ : देवानी कानूनः पारिवारिक
भाग ६ : फौजदारी कानूनः सरकारवादी
भाग ७ : फौजदारी कानूनः दुनियावादी
भाग ८ : कार्यविधि कानूनः देवानी
भाग ९ : कार्यविधि कानूनः फौजदारी
भाग १० : उद्योग, वाणिज्य र कर
भाग ११ : राष्ट्रसेवक कर्मचारी

- न्यायपालिकाको तेस्रो रणनीतिक योजना (आवधिक)
- सर्वोच्च अदालत वार्षिक प्रतिवेदन (वार्षिक)
- सर्वोच्च अदालतका केही निर्णयहरूको अङ्ग्रेजी अनुवाद (वार्षिक)

  - अङ्ग्रेजी अनुवाद २००३ (Volume I)
  - अङ्ग्रेजी अनुवाद २०१० (Volume II)
  - अङ्ग्रेजी अनुवाद २०११ (Volume III)
  - अङ्ग्रेजी अनुवाद २०१२ (Volume IV)
  - अङ्ग्रेजी अनुवाद २०१३ (Volume V)

- नेपाल कानून पत्रिका, ऐन कानून खण्ड 'क' (सनद, सवाल, रूक्का, आदेश, फुलकोर्टका निर्णयसमेत)
- अदालतसम्बन्धी नियमावली / निर्देशिका / न्यायाधीश आचारसंहिता
- टेवुल पात्रो (वार्षिक)

## विशेष इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६६-WS-०००१, उत्प्रेषण, *रमेशकुमार थापासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकहरू राष्ट्रिय मानव अधिकार आयोगमा कार्यरत् स्थायी कर्मचारी नभई करार सेवामा नियुक्त भएका कर्मचारी भएकोमा विवाद देखिँदैन । करार सेवामा नियुक्त भएका कर्मचारीको करार अवधि थप नभएको अवस्थामा त्यस्तो पदमा नियुक्त व्यक्ति स्वत: अवकाश हुने भएकोले अस्थायी प्रकृतिको करार सेवामा कार्यरत् रहेका कर्मचारी बढुवाको सम्भाव्य उम्मेद्वारसमेत हुनसक्ने देखिँदैन । यसरी करार सेवामा कार्यरत् कर्मचारी बढुवा प्रयोजनको लागि स्थायी कर्मचारीसरह समान अवस्था र हैसियत नहुने हुँदा निवेदकहरूलाई बढुवाको सम्भाव्य उम्मेद्वार हुनबाट वञ्चित गरी विभेदपूर्ण व्यवहार भएको भन्ने निवेदन दावी निरर्थक देखिने ।

जुन व्यक्तिले विज्ञापन बदर गराई पाउनको लागि दावी लिएका छन्, त्यस्ता व्यक्तिहरू आफू पनि बढुवाको लागि सम्भावित उम्मेद्वार हुन योग्यता पुगेको हुनु जरूरी छ । प्रस्तुत मुद्दामा यी निवेदकहरू पदोन्नतिको लागि कानूनले तोकेको निश्चित योग्यता पुगेको नदेखिएको अवस्थामा त्यस्ता व्यक्तिहरूले बढुवामा आफूहरूलाई भेदभाव गरियो भन्ने कुरा औचित्यहीन देखिँदा राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीको सेवा सर्त र सुविधासम्बन्धी नियमावली, २०५८ को नियम २९ को प्रतिबन्धात्मक वाक्यांश नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(घ), १३(१), १८(१), १९(१) र २७ द्वारा प्रदत्त मौलिक हकसँग बाझिएको अवस्था नदेखिनुको साथै पदपूर्तिको लागि राष्ट्रिय मानव अधिकार आयोगद्वारा मिति २०६६।३।११ को गोरखापत्रमा प्रकाशित विज्ञापन नं. २/०६५-६६ लगायतका काम कारवाहीबाट निवेदकहरूको संविधानप्रदत्त कुनै हक हनन् भएको समेत नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: हरि कोइराला

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल साउन १५ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७०-WS-००३०, उत्प्रेषण/परमादेश, *ललितपुर जिल्ला, ल.पु.उ.म.न.पा. पुल्चोक अवस्थित श्री लालीगुराँस बहुद्देश्यीय सहकारी संस्था लि. को तर्फबाट अधिकारप्राप्त प्रमुख कार्यकारी निर्देशक सुरेन्द्र भण्डारी वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत*

नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेडको सो संस्थाको आन्तरिक कारोबारका

निमित्त निवेदक संस्थाबाट काठमाडौं जिल्ला, इचङ्गुनारायण गाविस वडा नं. ६ को कित्ता नं. १४७, १६०, १६१ र १६२ को जग्गा र सो जग्गामा बनेको घरहरू धितोबन्धक राखी रू. ५,००,००,०००।– (अक्षेरेपी पाँच करोड रूपैयाँ) उपलब्ध गराइदिन निवेदन दिएकोले उक्त संस्थाले कर्जा लिने गरी लेखिदिएको दृष्टिबन्धकी लिखत पारित गर्ने सन्दर्भमा मालपोत कार्यालय, कलङ्कीको र.नं. ८९६९ मिति २०७०।३।६ लिखत पारित गरी मालपोत कार्यालय, कलङ्कीको रसिद नं. १४१८४२ बाट निवेदक संस्थासँग रू. ५,००,०००।– (पाँच लाख रूपैयाँ) राजस्व दाखिल गर्ने गरी भएको निर्णय एवम् सोसम्बन्धी कारवाही नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम बदर गरी कानूनले नलाग्ने रजिस्ट्रेसन दस्तुर असुल गरिएको रकम निवेदक संस्थालाई फिर्ता दिनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत व्यहोराको निवेदन दावी लिएको देखिँदा सो सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) बमोजिम यस विशेष इजलासबाट सुनुवाइ गरी निरूपण गर्नसक्ने अवस्था नदेखिने।

निवेदक श्री लालीगुराँस बहुद्देश्यीय सहकारी संस्था लिमिटेडको तर्फबाट दिएको प्रस्तुत रिट निवेदनमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिमको माग दावीसमेत लिएको देखिएकाले सो सम्बन्धमा सुनुवाइको लागि सम्बन्धित इजलासमा पेस गर्नुपर्ने देखियो। तसर्थ निवेदक संस्थाले माग दावी गरेको आर्थिक ऐन, २०६८ (आर्थिक विधेयक, २०६८/०६९) को अनुसूची ४ देहाय ग. विविध खण्ड ७(क) र सि.नं. १६ मा उल्लिखित प्रावधानहरू सहकारी ऐन, २०४८ को दफा ३८(१) र ३८(१)(ख) सँग तादात्म्यता नभई फरक रहेको भन्ने एवम् नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) को विषयमा सुनुवाइको लागि विशेष इजलासको लगत कट्टा गरी नियमानुसार संयुक्त इजलासमा पेस हुने।

इजलास अधिकृत: हरि कोइराला

इति संवत् २०७१ साल साउन १५ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** २०६९-WF-००१०, ०००९, २०६८-WF-०००२, परमादेश, *अधिवक्ता अच्युतप्रसाद खरेल वि. न्याय परिषद् सचिवालयसमेत, अधिवक्ता दिनेशराज सत्यालसमेत वि. राष्ट्रपतिको कार्यालय, शीतल निवाससमेत, अधिवक्ता राजेश सिलवाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नियुक्तिको लागि सिफारिस मात्र गर्ने निकायलाई नियुक्ति नै गर्नु वा पदावधि थप गर्नु भनी अदालतबाट कुनै आदेश जारी गर्न संविधानसम्मत हुँदैन। संविधान वा कानूनले अधिकार नदिएको

विषयमा कुनै निकायलाई थप अधिकार दिने गरी सो अधिकार प्रयोग गर्नु भनी अदालतबाट आदेश जारी गर्नु संविधानप्रतिकूल हुनजान्छ। त्यसमा पनि न्यायाधीशको सिफारिस गर्दा न्याय परिषद्ले कानूनले तोकेको विभिन्न आधारमा मूल्याङ्कन गरेर मात्र सिफारिस गर्नुपर्नेमा सो दायित्वबाट अलग गरी बिनामूल्याङ्कन निवेदकको मागबमोजिम कार्यरत् अस्थायी न्यायाधीशलाई नै नियुक्ति गर्नु भनी परमादेश जारी गर्न पनि नमिल्ने।

प्रधानन्यायाधीशको भूमिका संविधानबमोजिम अलगअलग निकाय र हैसियतमा भिन्नभिन्न रहेको छ। न्याय परिषद्को अध्यक्षको हैसियतमा न्यायाधीशको नियुक्ति, सरूवा वा बर्खासीको लागि प्रधानन्यायाधीश सिफारिसकर्ताहरूमध्येको एक व्यक्तिका रूपमा प्रस्तुत हुन्छ भने न्याय सेवा आयोगका अध्यक्षको हैसियतमा न्यायाधीशबाहेक न्याय सेवाको अधिकृतको नियुक्ति, सरूवा, बढुवा वा कारवाहीको सम्बन्धमा सिफारिसकर्ताको भूमिका हुन्छ । त्यस्तै सर्वोच्च अदालतको प्रधानन्यायाधीशको रूपमा न्यायकर्ता, अवस्थाअनुसार नियुक्तिकर्ता वा न्याय परिषद्को प्रमुखको भूमिकामा रही कर्तव्य निर्वाह गर्दछ । त्यसैले न्याय परिषद्लाई विपक्षी बनाएको कारणले नियुक्तिकर्ताको रूपमा रहेको प्रधानन्यायाधीशलाई विपक्षी बनाएसरह नहुने र न्यायाधीश नियुक्ति गर्ने नियुक्तिकर्ताको रूपमा प्रधानन्यायाधीशलाई विपक्षी नबनाएको कारण निवेदकको मागबमोजिम आदेश जारी हुनसक्ने अवस्था नहुने।

संविधानबमोजिम न्यायपरिषद् स्वयम् पदावधि थप गर्ने वा नियुक्ति गर्ने निकाय नभई सोका लागि निश्चित् प्रक्रियाबाट गरिएको मूल्याङ्कनको आधारमा नियुक्तिको लागि सिफारिस गर्नसम्म सक्नेमा संविधान र कानूनमा नै नभएको व्यवस्थाप्रतिकूल पदावधि थप गर्नु वा स्थायी नियुक्ति गर्नु भनी न्याय परिषद्को नाममा परमादेशको माग गरेको त्यस्तो अपरिपक्व सतही दावीका आधारमा अति सूक्ष्मसंवेदी भई आदेश जारी गर्नु मनासिब हुँदैन । यस्तो निकायलाई ऐनले तोकेको आधार, प्रक्रिया र कुनै मूल्याङ्कनबिना सतही आधारमा आफ्नो काम, कर्तव्य गर्नु भनी भन्नसमेत नमिल्ने।

गठन भएको पहिलो संसद विघटन भई अर्को संसदको निर्वाचन भइनसकेको बीचको अवधिमा न्यायाधीश नियुक्ति गर्दा संसदीय सुनुवाइ गरिरहन नपर्ने भन्ने अर्थ गर्न पनि मिल्दैन। संविधानको एउटा व्यवस्थाले एउटा उद्देश्य वा पद्दतिलाई निर्माण गर्ने प्रयास गरेको छ भने सो संवैधानिक व्यवस्था उचित प्रक्रियाद्वारा संशोधन वा खारेज नभएसम्म अदालतले व्याख्या गरी सो व्यवस्थालाई निष्क्रिय वा निष्प्रभावी तुल्याउन उचित र संविधानसम्मत् हुन नसक्ने।

कुनै पनि प्रक्रियाको नियुक्तिमा जाँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५५ को उपधारा (१) मा उल्लिखित

व्यवस्था स्वत: आकर्षित हुने हुँदा यस व्यवस्थाको निरर्थक हुने गरी व्याख्या गर्न नमिल्ने।

तत्काल व्यवस्थापिका संसद विघटन भईसंसदनरहेकोअवस्थामानिवेदनदायरभएको भए पनि हाल दोस्रो संविधानसभाको निर्वाचन सम्पन्न भई व्यवस्थापिका संसदको गठनसमेत भइसकेको छ । अर्कोतर्फ यस अदालतमा कार्यरत् रहेका अस्थायी न्यायाधीशलाई संसदीय सुनुवाइबिना नै स्थायी गर्नु वा अस्थायी पदमै रहेर कामकाज गर्ने गरी म्याद थप गर्न भनी विपक्षी न्याय परिषद्को नाउँमा परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदन मागका सम्बन्धमा यस अदालतमा कार्यरत् रहेका अधिकांश अस्थायी न्यायाधीशहरू हाल सेवानिवृत्त भइसकेको अवस्था छ वा नयाँ प्रक्रियाबाट नियुक्ति पाएको अवस्था देखिन्छ। यसरी जुन विशेष परिस्थितिमा प्रस्तुत विवाद उपस्थित भएको थियो, सो परिस्थिति कायम नरही व्यवस्थापिका संसदको गठन भई संसदले आफ्नो नियमित कामकारवाही अर्थात् संसदीय सुनुवाइको प्रक्रियासमेत सुचारू भएको अवस्था हुँदा अब त्यसको विकल्पमा विचार गरिरहनुपर्ने अवस्था देखिन नआउने हुँदा निवेदन मागबमोजिमको आदेश जारी हुनसक्ने अवस्था नदेखिँदा संसद कायम नरहेको अवस्थामा सर्वोच्च अदालतका न्यायाधीश नियुक्ति गर्दा संसदीय सुनुवाइबिना पनि न्यायाधीशको नियुक्ति गर्न संविधानअनुकूल हुने गरी आवश्यक कार्य गर्न न्याय परिषद् स्वयम् सक्षम र समर्थ रहेको अवस्थामा प्रस्तुत निवेदन खारेज हुने गरी माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाहद्वारा व्यक्त राय मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: हरि कोइराला

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल साउन १५ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** २०७०-WS-००३७, उत्प्रेषण/परमादेश, *ललितपुर जिल्ला, लपुउमनपा वडा नं. ४ पुल्चोक अवस्थित श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि. को तर्फबाट अधिकारप्राप्त प्रमुख कार्यकारी निर्देशक सुरेन्द्र भण्डारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

कुनै ऐनमा उल्लिखित व्यवस्था अर्को ऐनमा उल्लिखित व्यवस्थासँग बाझियो भन्दैमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) बमोजिम यस विशेष इजलासको अधिकारक्षेत्र आकर्षित हुन सक्तैन । संविधानविपरीत कानून बनेकोमा बदर घोषित गर्नुपर्ने अवस्थामा मात्रै विशेष इजलासले हेरी निरूपण गर्नुपर्ने।

निवेदक संस्थाले आर्थिक अध्यादेश, २०७०/०७१ को दफा ११ अनुसूची ४ अन्तर्गतको सेवा शुल्कसम्बन्धी देहाय सि.नं. २ र विविधसम्बन्धी सि.नं. ७ र १६ को प्रावधानबमोजिम विपक्षीहरूको नाउँमा शुल्क, दस्तुर उठाउन नलगाउनु भनी विपक्षीहरूको नाउँमा नेपालको अन्तरिम संविधान, २०६३

को धारा १०७(२) बमोजिम परमादेशको आदेशसमेत जारी गरिपाउँ भनी निवेदनसमेत दिएको देखिँदा सो सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) बमोजिम यस विशेष इजलासबाट सुनुवाइ गरी निरूपण गर्नसक्ने अवस्था नदेखिने।

निवेदक श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको तर्फबाट दिएको प्रस्तुत रिट निवेदनमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिमको माग दावीसमेत लिएको देखिएकोले सो सम्बन्धमा सुनुवाइको लागि सम्बन्धित इजलासमा पेस गर्नुपर्ने देखियो। तसर्थ, निवेदक संस्थाले माग दावी गरेको आर्थिक विधेयक, २०७०/०७१ को दफा ११ अनुसूची ४ को सि.नं. २ र अनुसूची ४ देहाय ग. विविध खण्ड ७ र सि.नं. १६ मा उल्लिखित प्रावधानहरू सहकारी ऐन, २०४८ को देहाय ३८(१) र ३८(१)(ख) सँग तादात्म्यता नभई फरक रहेको भन्ने एवम् नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) को विषयमा सुनुवाइको लागि विशेष इजलासको लगत कट्टा गरी नियमानुसार संयुक्त इजलासमा पेस हुने।

इजलास अधिकृत: हरि कोइराला

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल साउन १५ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७०-WS-००४६, उत्प्रेषण/परमादेश, *कल्पना पन्त वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निजामती सेवा नियमावली, २०५० को नियम ८८(६) को अपवादात्मक अवस्थामा यो वा त्यो पद समावेश गर्न पर्नाको कारण सम्बन्धित सेवा सञ्चालन गर्ने निकायले विचार गर्ने कुरा हो। सेवा सञ्चालन गर्ने निकायले आफ्नो आवश्यकता सुहाउँदो क्षमता सिर्जना गर्न लगाई थप व्यवस्था गर्ने कुरा भिन्न कुरा हो। त्यस अवस्थामा बढुवाको योग्यता निर्धारण गर्ने कुरा बेग्लै हो। तर मौजुदा अवस्थामा निवेदन मागबमोजिम असमान अवस्थाको भन्न सकिने अवस्था नदेखिने।

निवेदिकाले निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम (६) मा उल्लिखित कम्प्युटर अपरेटर तथा सहायक कम्प्युटर अपरेटरसरह आफू कार्यरत् रहेको टेलिफोन अपरेटर पदलाई समेत समावेश गरिपाउँ भन्ने निवेदन दावी सम्बन्धमा विचार गर्दा निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम (६) संशोधन गरी निवेदिका कार्यरत् रहेको टेलिफोन अपरेटर पद समावेश गर्नु भनी यस अदालतले न्यायिक सक्रियता देखाई आदेश जारी गर्न मिल्दैन। कुनै कानून बदर नगरी वा संशोधन हुने परिणाम निकाल्ने गरी टेलिफोन अपरेटरको पदलाई निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम (६) मा कम्प्युटर अपरेटर तथा सहायक कम्प्युटर अपरेटर पदसरह समावेश गर्नु भनी

विपक्षीहरूको नाउँमा यस अदालतबाट आदेश जारी गर्न मिल्ने अवस्था देखिन नआउँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: हरि कोइराला

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल साउन १५ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६८-WS-००७२, उत्प्रेषण/परमादेश, *मोहनकुमार पराजुली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत*

नियमावलीमा उल्लिखित कानूनी व्यवस्थाबाट लेखा व्यवसायीहरूको क्षमतालाई सुदृढ गरी निस्पक्षता, स्वतन्त्रता एवम् प्रतिस्पर्धात्मक बनाई लेखा व्यवसायीको मान्य सिद्धान्तबमोजिम एक व्यक्तिले एकै समयमा पूर्णकालीन नोकरी तथा सो नोकरी बाहेक अन्य पेसा व्यवसाय गर्न नपाउने गरी स्थगनसम्म गरिएको देखिन्छ । त्यस्ता सदस्यहरूले लेखा व्यवसाय गर्न नपाउने गरी स्थगनसम्म गरिएको देखिन्छ । त्यस्ता सदस्यहरूले लेखा व्यवसाय गर्न चाहेमा पूर्णकालीन नोकरी छाडी कुनै पनि बेला लेखा व्यवसाय गर्नसक्ने देखिँदा नेपाल चार्टड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ३० को प्रतिबन्धात्मक वाक्यांशबमोजिम दर्तावाला लेखा परीक्षकहरूले लेखा परीक्षकसम्बन्धी ऐन, २०३१ बमोजिम पाइआएको सुविधाबाट वञ्चित गरिएको अवस्था नदेखिने ।

उल्लिखित रिट निवेदनमा यस अदालतको संयुक्त इजलासबाट आदेश भई निरूपण भैसकेको विषयमा पुन: विवाद उठाई पर्न आएको प्रस्तुत निवेदनमा यस इजलासबाट निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । अत: नेपाल चाटर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को संशोधित नियमावलीको नियम २ को प्रतिबन्धात्मक खण्ड २(ण) तथा नियम ४९(३)(क)ख) र ४९(४) मा उल्लिखित व्यवस्था नेपाल चाटर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ३० को प्रतिबन्धात्मक खण्डसँग बाझिएको अवस्था देखिन नआउँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: हरि कोइराला

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल साउन १५ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०६९-CI-०१६५, परमादेश, *भूमिसुधार कार्यालय, सप्तरीको तर्फबाट ऐ. कार्यालयका भूमिसुधार अधिकारी विन्दुप्रसाद गुरागाईं वि. जहुरी धामी यादव*

भूमिसम्बन्धीऐन, २०२१ कोउक्तदफामा मोही लागेको जग्गाको मोही र जग्गाधनीबीचको स्वामित्वको बाँडफाँड गर्ने तोकिएको म्याद २०६४ साल चैत मसान्त रहेको भए पनि प्रस्तुत मुद्दाको मोहीले २०६१।१२।२९ मा नै जग्गा

बाँडफाँड गरिपाउँ भनी भूमिसुधार कार्यालयमा निवेदन दिएको देखिन्छ । यसरी ऐनले तोकेको म्यादभित्र बाँडफाँडको निवेदन परी सोसम्बन्धी मिसिलसमेत खडा भइसकेको अवस्थामा सो निवेदन सम्बन्धमा ऐनका म्यादभित्र कारवाही गरिसक्नुपर्ने कर्तव्य भूमिसुधार कार्यालयको हो । तर कारवाहीको टुङ्गो लगाउने कानूनी कर्तव्य भएको भूमिसुधार कार्यालयको आफ्नो कानूनी कर्तव्य पूरा गरेको देखिन आएन । यस अवस्थामा प्रस्तुत मुद्दामा निवेदकले उल्लेख गरेको जग्गाको सम्बन्धमा मोहीको तर्फबाट परेको जग्गा बाँडफाँडसम्बन्धी निवेदन ऐनको म्यादभित्र परेको देखिएकाले निवेदन मागबमोजिम उक्त निवेदनमा यथाशीघ्र कानूनबमोजिम टुङ्गो लगाउनु भनी भूमिसुधार कार्यालय, सप्तरीको नाममा परमादेशको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालतको आदेश मनासिब देखिँदा विपक्षी भूमिसुधार कार्यालय, सप्तरीको नाममा परमादेशको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६८।१०।८ को आदेश मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

इति संवत् २०७१ साल वैशाख २२ गते रोज २ शुभम् ।

२

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री कल्याण श्रेष्ठ,** ०६८-CI-०१७१, निषेधाज्ञा, *पञ्चमाया तामाङ वि. पटनामाया तामाङ*

निवेदिकाबाट प्रचलित कानूनको उल्लङ्घन गरी कुनै अपराध गरेमा कानूनको प्रक्रिया पुर्‍याएर कानूनबमोजिम निवेदिकालाई पक्राउ गर्ने वा थुनामा राखी अनुसन्धान सक्ने अधिकार सम्बन्धित निकायलाई रहेकै हुन्छ । तर कानूनबमोजिम बाहेक गैरकानूनी रूपमा पक्राउ गर्ने, थुनामा राख्न वा जबर्जस्ती कागज गर्ने गराउने अधिकार कसैलाई नहुने हुँदा निवेदकलाई कानूनबमोजिम बाहेक पक्राउ गर्ने, थुनामा राख्ने र जबर्जस्ती कागज गराउने कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी गर्ने ठहर्‍याएको पुनरावेदन अदालतको आदेश मनासिब देखिँदा विपक्षीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

इति संवत् २०७१ साल वैशाख २२ गते रोज २ शुभम् ।

३

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री कल्याण श्रेष्ठ,** ०६९-CI-०४३४, उत्प्रेषण/परमादेश, *तम्रबहादुर बिष्ट वि. कल्पदीप राईसमेत*

निवेदकले दावी लिएको अन्नपूर्ण इन्टरनेशनल प्रा.लि.मा तीन सदस्यीय सञ्चालक समिति रहेकोमा बहुमत शेयरधनी सञ्चालक उपस्थित भई मिति २०६९।२।६ मा विशेष साधारणसभाको बैठक बस्ने भनी मिति २०६९।१।५ मा निर्णय गरेको देखिन्छ । विपक्षी कल्पनीय राईको लिखित जवाफमा निवेदकलाई सञ्चालक समितिले सो बैठक बस्नुअघि कम्पनीको आर्थिक हिनामिना सम्बन्धमा छलफल गर्न उपस्थित हुन

भनी पटकपटक सूचना पठाउँदा बुझ्न इन्कार गरेकोले निजको नाउँमा उक्त सूचना कम्पनीको कार्यालयमा टाँस गरिएको भन्ने जिकिर भई सोसँग सम्बन्धित कागजातको फोटोकपिसमेत पेस गरेको देखिन आयो । यी पुनरावेदकलाई सञ्चालक समितिले बैठक बस्ने सूचना दिई जानकारी गराउँदासमेत बैठकमा उपस्थित नभएकोले सञ्चालक समितिको बहुमत सदस्यले विशेष साधारण सभाको बैठक बोलाएको देखिएकाले उल्लिखित प्रक्रिया प्राकृतिक न्यायको सिद्धान्तविपरित भएको भन्न नमिल्ने ।

विपक्षीमध्येको कम्पनी रजिस्ट्रारको कार्यालयबाट प्राप्त लिखित जवाफमा शेयरधनीहरू मदनप्रसाद प्रधान र सजनी प्रधानको नाममा रहेका शेयर नामसारी गर्ने सञ्चालक समितिको निर्णयबमोजिम सो कार्यालयबाट शेयर लगत अभिलेख गरिएको र राजस्व अनुसन्धान विभागबाट उल्लिखित व्यक्तिहरूको शेयर रोक्का नभएको भन्ने जिकिर रहेको देखियो । सोही कार्यालयको लिखित जवाफमा पुनरावेदक तप्तबहादुर विष्टले उक्त विशेष साधारणसभाको विषयमा कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता गरेको निवेदन सम्बन्धमा निर्णय हुन बाँकी नै रहेको भन्ने पनि उल्लेख भएको देखिन्छ । यसरी यी पुनरावेदक निवेदकले यस निवेदनपत्रमा दावी लिएको विशेष साधारणसभाको वैधानिकता सम्बन्धमा कम्पनी रजिस्ट्रारको कार्यालयमा दिएको निवेदन विचाराधीन रहेको देखिन आएको समेतका अवस्थामा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिएको भनी यी निवेदकको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालतको आदेश मनासिब देखिँदा निवेदन मागबमोजिम उत्प्रेषण र परमादेशको आदेश जारी हुने अवस्थाको विद्यमानता नभएको भनी निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।६।१० को आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल वैशाख २२ गते रोज २ शुभम् ।

४

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री कल्याण श्रेष्ठ, ०६९-CI-०७३०,** उत्प्रेषण/परमादेश, *मालपोत कार्यालय, ललितपुर वि. उमा बज्राचार्य*

कुनै पनि व्यक्तिको सम्पत्ति बिना कुनै कारण र आधार रोक्का राख्ने अधिकार कुनै कानूनले कुनै निकायलाई प्रदान गरेको छैन । बिनाआधार र कारण व्यक्तिको सम्पत्ति रोक्का गर्नुको अर्थ व्यक्तिको सम्पत्तिमाथिको अधिकारलाई कुण्ठित एवम् नियन्त्रित गर्नु हो । प्रस्तुत मुद्दामा मालपोत कार्यालयको लिखित जवाफमा सिद्धिपुर थसी सहकारी संस्थाको मिति २०६३।७।२४ को पत्रले रोक्का रहेको भन्नेसम्म जिकिर लिइएको देखियो । तर मालपोत कार्यालयको लिखित जवाफ एवम् सो कार्यालयको तर्फबाट यस

अदालतमा परेको पुनरावेदनपत्रमा समेत निवेदकको पति नाउँको उक्त जग्गा रोक्का राखिनुपर्ने कानूनी आधार उल्लेख भएको देखिन आएन । यस अवस्थामा निवेदकको पतिको नाम दर्ता रहेको जग्गा कानूनविपरीत रोक्का राखिएको देखिएकोले मिति २०६३।७।२४ को रोक्का राख्न पठाएको सहकारी संस्थाको पत्र एवम् सो पत्रको आधारमा रोक्का राख्ने गरेको मालपोत कार्यालय, ललितपुरको निर्णयसमेत उत्प्रेषणको आदेशले बदर गरी कानूनविपरीत रोक्का राखिएको उक्त जग्गा फुकुवा गरिदिनु भनी विपक्षी मालपोत कार्यालय, ललितपुरका नाममा परमादेशसमेत जारी हुने ठहर्‍याएको पुनरावेदन अदालतको आदेश मनासिब देखिन आउने हुँदा निवेदन दावीबमोजिम उत्प्रेषण र परमादेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।७।१५ को आदेश मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल वैशाख २२ गते रोज २ शुभम् ।

५

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री कल्याण श्रेष्ठ, ०६९-CI-०८६०,** उत्प्रेषण/परमादेश, *देवहरि वन वि. हरिकला बुढासमेत*

पुनरावेदक देवहरि वन आफैं अदालतमा उपस्थित भई आफ्नो नामको नेपाल प्रहरीको परिचयपत्रसमेत साथै राखी अड्डाको रोहबरमा म्याद बुझिपाउँ भनी हस्ताक्षरसहित ल्याप्चे सहीछाप गरी मिति २०६७।९।२५ मा म्याद बुझिलिई म्यादभित्र प्रतिउत्तर नदिई गुजारी बसेको भन्ने उल्लेख भएको देखिन्छ । निवेदकले आफूले सो म्याद बुझेको होइन अरूले नै बुझेको भन्ने जिकिर लिए पनि निजको आफ्नो परिचय खुल्ने परिचयपत्रको प्रतिलिपिसमेत राखी म्याद बुझिपाउँ भनी निवेदन दिई अदालतको रोहबरमा म्याद बुझेको कुरालाई अन्यथा भन्नुपर्ने तथ्ययुक्त आधार यी पुनरावेदकले देखाउन सकेको पाइँदैन ।

निवेदन मागबमोजिम अरू कसैले नै निजको नाउँको म्याद बुझेको अवस्था भए सोतर्फ साधारण प्रक्रियाबाट मुद्दा चलाई उपचार प्राप्त गर्न सकिने अवस्था हुन्छ । निवेदन दावीको विषयमा सामान्य न्यायिक कारवाही नचलाई दायर गरेको रिट निवेदनको आधारमा अदालतबाट फैसला भई अन्तिम रहेको मुद्दाको तथ्यमा प्रवेश गर्न एवम् उक्त सहीछाप निजको हो वा होइन भनी सबुद प्रमाण बुझी आदेश जारी गर्न मिल्ने हुँदैन । यस अवस्थामा निवेदकको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालतको आदेश मनासिबै देखिँदा निवेदकको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।२।१० को आदेश मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल जेठ २२ गते रोज २ शुभम् ।

६

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री कल्याण श्रेष्ठ,** ०६९-CI-०८८७,

निषेधाज्ञा/परमादेश, *यादवराज भारती वि. गीताकुमारी खड्कासमेत*

निवेदकले दावी गरेजस्तो गरी निवेदकलाई गैरकानूनीरूपमा पक्राउ गर्ने, थुनामा राख्ने आशङ्का भएको अवस्थामा सोही समयमा नै कानूनी उपचार गर्नसक्ने नै हुन्छ । निवेदकले प्रस्तुत निवेदनमा उल्लेख गरेको जस्तो निजलाई पक्राउ गर्ने वा थुनामा राख्ने आशङ्काको स्थिति नरहेको अवस्थामा निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालतको आदेश मनासिबै देखिँदा निवेदकको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।३।१३ को आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल वैशाख २२ गते रोज २ शुभम् ।

७

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०६९-CI-०९४८, निषेधाज्ञा/परमादेश, *जिल्ला प्रशासन कार्यालय, सुनसरी वि. रामकृष्ण साह*

आफ्नो क्षेत्राधिकारभित्र नपरेको देवानी प्रकृतिका लेनदेन र जग्गासम्बन्धी विषयमा उजुरी सुन्ने र कारवाही गर्ने अधिकार जिल्ला प्रशासन कार्यालयलाई कुनै कानूनले प्रदान गरेको छैन । यस अवस्थामा पुनरावेदक कार्यालयको अधिकार नै नभएको विषयमा निवेदन ग्रहण गरी निवेदकलाई पक्रने, थुनामा राख्नेलगायतका कार्य गर्ने आशङ्काको स्थितिको विद्यमानता रहेको अवस्थामा पुनरावेदकसमेतका कार्यालयहरूका नाममा निषेधाज्ञा र परमादेशको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालतको आदेश मनासिबै देखिँदा आफ्नो क्षेत्राधिकारभन्दा बाहिर गई निवेदकलाई देवानी विवादको विषयलाई लिएर पक्रने, थुन्ने, कागज गराउने कार्य नगर्नु, नगराउनु भनी निषेधाज्ञा र परमादेशको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६९।९।२३ को आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ । विपक्षी जिल्ला प्रशासन कार्यालय, सुनसरीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल वैशाख २२ गते रोज २ शुभम् ।

८

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WH-००२०, बन्दीप्रत्यक्षीकरण, *राजेशबाबु श्रेष्ठ वि. वैदेशिक रोजगार न्यायाधिकरण, घट्टेकुलो काठमाडौंसमेत*

दण्ड सजायको महलको कानूनी व्यवस्थाअनुसार धेरै कलमको कैद ठेक्न परेमा त्यस्तो धेरै कलमको कैद हद बराबर हुन आयो भने सोमध्ये एक कलमको कैद ठेक्नुपर्ने हुन्छ । यी रिट निवेदकउपर लागेको पहिलो मुद्दामा थुनाबाट छुटेपछि अर्को वैदेशिक रोजगारसम्बन्धी मुद्दा चली कैदको सजाय

भएको नभई पहिलो मुद्दामा थुनामा बसेकै अवधिमा अर्को वैदेशिक रोजगार मुद्दामा कैद सजाय भएको देखिन आएकोले दुबै मुद्दाको कैद खापी सजाय गर्न दण्ड सजायको महलको ४१ नं. को कानूनी व्यवस्थाको विपरीत हुने ।

मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. बमोजिमको कानूनी व्यवस्था र यस अदालतबाट मिति २०४४।१२।१६ मा प्रतिपादन भएको नजिरसमेतबाट रिट निवेदकलाई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६७।९।२७ र मिति २०७०।१।३० को फैसलाले लागेको कैदको हद बराबर भएकाले कुनै एक कलमको कैद भइसकेपछि थप कैद बस्नुपर्ने देखिएन । निवेदक मिति २०६८।७।१६ देखि थुनामा रहेकाले वैदेशिक रोजगार न्यायाधिकरणको फैसलाबमोजिमको कैद निजले भुक्तान गरिसकेको देखिँदा अब निजको कैद गैरकानूनी हुनजाने भएकाले निजलाई कैदबाट मुक्त गरिदिन भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६७।९।२७ को फैसलाले लागेको जरिवाना रू.१,५०,०००।– रिट निवेदकले काठमाडौं जिल्ला अदालतमा मिति २०६९।५।१८ मा दाखिल गरिसकेको देखिएकाले मिति २०७०।१।३० को फैसलाले लागेको जरिवाना निजले तिरेमा छुटी जाने देखिएको हुँदा सो जरिवाना दाखिल गरेमा निजलाई अन्य कुनै मुद्दामा वा अन्य कुनै कारणले थुनामा राख्नु नपर्ने भए उक्त मुद्दाबाट थुनाबाट मुक्त गरिदिनु भनी आजै छुट्टै आदेश भइसकेकाले यसमा अब केही गरिरहनु नपर्ने ।

इजलास अधिकृत: विश्वराज भट्टराई

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७० साल कात्तिक १० गते रोज १ शुभम् ।

९

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WH-००१६, बन्दीप्रत्यक्षीकरण, *ओम भन्ने सुरज चित्रकार वि. ललितपुर जिल्ला अदालत, तहसिल शाखा, लगनखेल, ललितपुरसमेत*

कसैलाई कानूनविपरीत अधिकारक्षेत्र नभएको अधिकारीले थुना वा कैदमा राखेकोमा वा कानूनको उचित प्रक्रिया पूरा नगरी कैद वा हिरासतमा राखेको देखिएमा अदालतले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्नसक्ने हुन्छ । तर अदालतबाट भएको अन्तिम फैसलाबमोजिम कसैलाई पक्राउ गरी कैदमा राखेको देखिएमा वा प्रचलित कानूनको अधिकार प्रयोग गरी कैद वा हिरासतमा राखिएकोमा त्यस्तो आदेश जारी गर्न नमिल्ने ।

निवेदकउपर परेको कर्तव्य ज्यान मुद्दामा ललितपुर जिल्ला अदालतको फैसला केही उल्टी गरी पुनरावेदन अदालत, पाटनबाट कैद सजाय भएकोमा सोको सूचना वा पुनरावेदनको म्याद नपाएको भए र यस्तोमा कानूनले पुनरावेदन लाग्ने भए आफू पक्राउ परेको अवस्थालाई थाहा पाएको मिति

कायम गरी ऐनमा म्यादभित्र यस अदालतमा पुनरावेदन दिन र कानूनी उपचारको उपायको अवलम्बन गर्नसक्ने अवस्था हुँदाहुँदै सो उपायको अवलम्बन नगरी अदालतको फैसला र सो बमोजिमको लगत यथावत रहेको थाहा हुँदाहुँदै दिएको प्रस्तुत रिट निवेदनको आधारमा निवेदकलाई कैदमुक्त गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: किशोर घिमिरे

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल कात्तिक ५ गते रोज ४ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६६-CI-०८9४, नामसारी दर्ता बदर दर्ता, *शिवकलिया दुसाधिनको वारिस भई आफ्नो हकमा समेत भोज हजरा दुसाध वि. बन्हु हजरा दुसाध*

भूमिसम्बन्धी ऐन, २०२१ लागू हुँदा भरेको १ नं. अनुसूची हेर्दा मुनेश्वरी हजरा दुसाधले आफ्नो परिवारको विवरणमा छोरी मर्छिया, ज्वाइँ अमिरा हजरा दुसाध भनी उल्लेख गरेको कुरा वादी बन्हु हजरा दुसाधले बारा जिल्ला अदालतमा पेस गरेको उक्त लगतको प्रतिलिपिबाट देखिन्छ । यसबाट स्व. अमिरा हजरा स्व. मुनेश्वरी हजराको छोरी ज्वाइँ हुन् भन्ने देखिन्छ । मुनेश्वरीको छोरी ज्वाइँ अमिरा हजराले गा.वि.स.बाट सिफारिस र जिल्ला प्रशासन कार्यालयबाट नाता प्रमाणित लिई छनरू हजरा दुसाधको भाइ भएको भन्ने प्रमाण बनाएको देखिन्छ । साविक जग्गा दर्तावाला स्वर्गीय छनरू हजराको स्व.अमिरा हजरा भाइ हुन् भन्ने तथ्ययुक्त आधार प्रमाणबाट पुष्टि हुन सकेको अवस्था देखिँदैन । उक्त तथ्यहरूबाट अमिरा हजराले गा.वि.स.बाट झुट्ठा विवरण र प्रमाण बनाई सासु मुनेश्वरीका भतिजा छनरू हजराको जग्गा खाने नियतले छनरू दुसाधको भाइ बनी विवादित जग्गाहरू नामसारी दर्ता गरेको मिति २०५१।२।५ को मालपोत कार्यालयको निर्णय कानूनबमोजिम भएको देखिन नआउने ।

स्वर्गीय अमिरा हजराले स्व. छनरू हजराको नामको कि.नं. २६ र २९ को जग्गा आफ्नो नाममा नामसारी दर्ता गराएको कार्य अनधिकृत, गैरकानूनीसमेत देखिँदा मिति २०५१।२।५ गतेको नामसारी दर्ता र सोको आधारमा अमिरा दुसाधको मृत्युपछि प्रतिवादी शिवकलिया दुसाधले आफ्नो नाउँमा मिति २०६१।६।१२ गते भएको नामसारी दर्ता बदर ठहर गरी सुरूको इन्साफ सदर गरी उक्त जग्गाहरू स्वर्गीय छनरू हजराका भाइ नाता पर्ने हकवाला वादी बन्हु हजरा दुसाधको नाउँमा दर्तासमेत हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।८।१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: ममता खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल वैशाख १५ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री गोपाल पराजुली,** ०६९-RC-०१०८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सेती मुखिया भन्ने सेतीराम बोहोरा*

कुनै कसुर अपराधमा संलग्न अभियुक्तले वारदात हुँदाको अवस्थामा मानसिक सन्तुलन ठीक नभएको कारणले आपराधिक कार्य गरेको हो भन्ने कुरा मिसिल संलग्न सबुद प्रमाणबाट शङ्कारहितरूपले पुष्टि नभएसम्म त्यस्ता अभियुक्तले दण्ड सजायको महलको १ नं. बमोजिम सुविधा पाउनसक्ने अवस्था नहुने ।

प्रतिवादीले पूर्ण सुझबुझकासाथ भाइले सम्पत्ति आफ्ना छोराका लागि मात्र लुकाउँदछ कि भन्ने मनमा शङ्का लिई परिवार नियोजन गरिसकेको भाइका छोराहरूलाई मारिदिए कसका लागि सम्पत्ति बचाउँदो रहेछ भन्ने सोचबाट आपराधिक मानसिकताको विकास गरी भाइहरू घरमा नभएको मौका छोपी रातको समय पारी घरका अन्य सदस्यहरू निदाइरहेको अवस्थामा नाबालक छोराहरूसँगै सुतेकी मृतककी आमालाई चुरोट माग्ने बहानामा घरको तल्लो तलामा बोलाई बालकहरूलाई मात्र एक्लै पारी बाँच्न र बचाउन नसक्ने अवस्था सिर्जना गरी पूर्वयोजनाबमोजिम आफू सुत्ने गरेको खाटमुनि लुकाइ राखेको बन्चरोजस्तो घातक हतियारले निर्मम तरिकाले प्रहार गरी नाबालक प्रकाश बोहोराको हत्या गरेको अवस्था हुँदा प्रतिवादी सेती मुखिया भन्ने सेतीराम बोहोरालाई सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको सल्यान जिल्ला अदालतको फैसला सदर ठहर गरेको पुनरावेदन अदालत, तुलसीपुरको फैसला अन्यथा नदेखिने हुँदा साधक सदर हुने ।

इजलास अधिकृत: भद्रकाली पोखरेल

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल भदौ २० गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६६-CI-०४७८, ०४३३, लेनदेन, *दिनेशकुमार तिवारी वि. गोविन्दप्रसाद तिवारीसमेत, घिर्राउ कांदु वि. गोविन्दप्रसाद तिवारीसमेत*

वादीले पेस गरेको लिखत जालसाजी हो भन्ने जिकिर प्रतिवादीले लिएपछि त्यस्तो जिकिर प्रमाणित गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २८ बमोजिम प्रतिवादीमा नै रहने नै हुन्छ । तर उक्त जिकिर प्रमाणित हुने कुनै पनि प्रमाण प्रतिवादीले पेस गर्न सकेको छैन । आफूहरूको समेत अंश हक रहेको जग्गासँग सम्बन्धित लिखत हुनु नै जालसाजी क्रियाका लागि पर्याप्त आधार हुन सक्तैन । लिखतका कारणी रामवली तिवारी स्वयम्ले हस्ताक्षर गरी निजका आफ्नै नाममा रहेको जग्गा राजीनामा गरिदिने गरी भएको घरसारको राजीनामाको लिखतलाई अन्यथा प्रमाणित नभएसम्म जालसाजी भन्न र मान्न नमिल्ने ।

प्रतिवादीले विवादित लिखतलाई कीर्ते नभनी जालसाजीसम्म भनेको अवस्थामा उक्त

विवादित लिखत जँचाउनु प्रमाण ऐन, २०३१ को दफा ३ प्रतिकूल असम्बद्ध प्रमाण बुझ्नु हुन्छ भन्ने पुनरावेदन अदालतको फैसलामा उल्लेख गरिएको छ । तर प्रतिवादीहरू स्वयम्ले उक्त विवादित लिखत जचाई पाउन माग गरेको स्थितिमा उक्त लिखत जाँच गराउने आदेश भएबमोजिम विशेषज्ञले जाँच गरी रायसमेत दिइसकेपछि निजले दिएको त्यस्तो रायलाई प्रमाणमा लिन नमिल्ने भन्न नमिल्ने हुँदा वादीले प्रतिवादीलाई लिखतबमोजिम रकम दिएको प्रमाणित हुँदाहुँदै पनि वादी दावी पुग्न नसक्ने र वादी दिनेशकुमार यादव र लिखतका साक्षी घिर्राउ कांदुलाई जनही रू.१५,०००।– जरिवाना हुनेसमेत ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६५।९।१३ को फैसला उल्टी भई वादीले प्रतिवादीबाट लिखतबमोजिमको साँवा र कानूनबमोजिम भरिभराउका मितिसम्मको ब्याजसमेत भराई लिनपाउने ठहर्‍याएको बाँके जिल्ला अदालतको मिति २०६१।११।१० को फैसला सदर हुने ।

इजलास अधिकृत: किशोर घिमिरे

इति संवत् २०७१ साल असार १० गते रोज ३ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की,** ०६६-WO-०३६८, उत्प्रेषण/परमादेश, *प्रेमकुमारी सिंह कटुवाल वि. कर्णबहादुर सिंहसमेत*

प्रस्तुत विवादमा मृतकको छोरीले आमाको पालनपोषण गरेको अवस्थामा अंश छुट्टिएको बाबु जीवित रहे पनि छोरी नै प्रमाणित हकदार व्यक्ति मान्नुपर्ने हुन्छ । राहतको उद्देश्य पनि प्रभावित व्यक्तिलाई दिने हो न त अपुतालीको क्रमअनुसार राहत बाँड्ने हो । तसर्थ मृतककी छोरीको मागबमोजिमको राहतलाई अन्य व्यक्तिलाई उपलब्ध गराउने भन्ने कुरा मिल्ने देखिएन । यस्तो अवस्थामा यी रिट निवेदिकाले प्राप्त गर्ने राहत रकमलाई सरकारद्वारा जारी गरिएको उक्त मृतकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने निर्देशिका, २०६५ को बुँदा ७.४ ले रोक्न मिल्ने नदेखिँदा उक्त मिति २०६६।५।२३ को निर्णय उत्प्रेषणद्वारा बदर हुने र निज मृतक पदमकुमारीको मृत्युबापतको राहत रकम निजको पालन गरी काज किरिया गर्ने यी निवेदिकालाई दिनु भनी विपक्षी शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनर्स्थापना इकाइसमेतको सन्दर्भमा विद्यमान तथ्यको आधारमा गरिने कुरा भएको र उक्त निर्देशिकामा द्वन्द्वबाट प्रभावित नाममा परमादेश जारी हुने ।

उल्लिखित निर्देशिकाको बुँदा नम्बर ७.४ को व्याख्या द्वन्द्वबाट प्रभावित र अपुतालीको कानूनले मान्यता दिएको छोरीको हक हैसियत र उनले गरेका कार्यको कुनै मान्यता नदिई उपेक्षा गरेको देखिएकोले विवाहिता छोरीको हकमा समेत विचार गरी उक्त बुँदा नं. ७.४ को पुनरावलोकन गर्नसमेत

उल्लिखित विपक्षी शान्ति तथा पुनर्निर्माण मन्त्रालयसमेतका सम्बद्ध निकायहरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल असार २ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री तर्कराज भट्ट,** ०६७-WO-०१८३, उत्प्रेषण, *जिल्ला झापा, भद्रपुर न.पा. वडा नं. ११ स्थित श्री मदन भण्डारी मेमोरियल एकेडेमीको तर्फबाट अख्तियार प्राप्त गरी आफ्नो हकमासमेत ऐका अध्यक्ष गुरूप्रसाद बरालसमेत वि. व्यवस्थापिका संसदको महिला, बालबालिका र समाज कल्याण समिति, संसद सचिवालयसमेत*

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) आफ्नो निर्णय गर्न स्वतन्त्र छ । अत: विशेष कानूनद्वारा स्थापित स्वायत्त संस्थाले गरेको निर्णय प्रभावहीन हुने गरी व्यवस्थापिका संसदको कुनै समितिले निर्णय गर्न पाउने अवस्था समितिलाई रहे भएको देखिन आएन । तसर्थ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) ले मिति २०६७।५।२ मा आफ्नै अस्पताल नभए पनि हुने भन्ने निर्णय गरेकोमा विपक्षी व्यवस्थापिका संसद महिला, बालबालिका तथा समाज कल्याण समितिले मिति २०६७।५।३ मा उक्त निर्णय रद्द गर्न निर्देशन दिने भनी गरेको पत्राचार र सोसँग सम्बन्धित सम्पूर्ण कामकारवाहीहरू समेत कानूनसङ्गत् देखिन नआउने ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) कानूनबमोजिम स्थापित स्वायत्त संस्था भएको हुँदा आफ्नो निर्णय गर्न स्वतन्त्र हुने, कुन तह वा विषय शिक्षालाई कस्तो योजना वा सर्त जरूरी हुन्छ उक्त कुरा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) स्वयम्ले नीतिगतरूपमा निर्णय लिनसक्ने विषय भएको हुँदा उक्त संस्थाउपर हस्तक्षेप गर्नुपर्ने कारण र अधिकारक्षेत्र व्यवस्थापिका संसद, महिला बालबालिका तथा समाज कल्याण समितिलाई नभएकोले प्रत्यर्थी व्यवस्थापिका संसदको महिला बालबालिका र समाजकल्याण समितिको मिति २०६७।५।३ को पत्र सङ्ख्या ०६७।६८, च.नं. ३३ को पत्र र पुन: मिति २०६७।५।४ को पत्र सङ्ख्या ०६७।६८ च.नं. ३६ को पत्र एवम् सो पत्राचारसँग सम्बन्धित सम्पूर्ण कामकारवाही र निर्देशन गैरकानूनी देखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुने र निवेदकको मागबमोजिम निवेदकले सञ्चालन गरिआएको कार्यक्रम पूर्ववत्रूपमा यथावत सञ्चालन गर्नु गराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम/ आत्मदेव जोशी

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७० साल भदौ २५ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-WO-०१२३२,

परमादेश, *ललिताकुमारी ठाकुर हजाम वि. जिल्ला शिक्षा कार्यालय, सिरहासमेत*

कुनै पनि सरकारी निकाय एवम् सामुदायिक विद्यालयमा समेत कार्यरत् कर्मचारी एवम् शिक्षकहरूले आफूले काम गरी पकाएको तलब भत्ता सोही निकायको प्रमुखसँग माग गर्नुपर्ने र त्यसरी माग गर्ने काम नितान्त प्रशासनिक विषयभित्रको कुरा हो । निवेदकले उपलब्ध भएसम्मको वैकल्पिक उपायहरू खोजी सोमार्फत् उपचार खोज्नुपर्नेमा सो केही नगरी तलब भत्ता जस्तो प्रशासनिक प्रकृतिको विषयमा सिधै सर्वोच्च अदालतको असारधारण अधिकारक्षेत्रको प्रयोग गरी प्रवेश गर्न नमिल्ने हुँदा निवेदनमा उठाइएको मुख्य कुरा राहत कोटाको नियुक्ति भन्ने विषय नै विवादित देखिएकोले त्यस्तो विवादित विषयमा सम्बन्धित निकायबाट समाधान खोज्नुपर्नेमा सो नगरी रिट क्षेत्रमा प्रवेश गरेको निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ २७ गते रोज ३ शुभम् ।

- ०६८-WO-०१२३३, परमादेश, *समिराकुमारी यादव वि. जिल्ला शिक्षा कार्यालय, सिरहासमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-WO-०४२९, उत्प्रेषण/परमादेश, *विनिताकुमारी ठाकुर वि. जिल्ला धनुषा, जनकपुर नगरपालिका वडा नं. १४ स्थित श्री मावि सोहनी भुजेलियासमेत*

निवेदकले निवेदनमा उल्लेख गरेबमोजिम श्री माध्यमिक विद्यालय, सोहनीलाई प्राप्त भएको भनिएको प्राथमिक शिक्षक पदको दलित राहत कोटा र निवेदक बिनिताकुमारी ठाकुरलाई सो राहत कोटामा नियुक्ति गरिएको भन्ने विषयमा विवाद रहेको देखिन्छ । निवेदकलाई दलित राहत कोटाअन्तर्गत नियुक्ति गरिएको कुराको जिल्ला शिक्षा कार्यालय, धनुषाबाट समर्थन भएको वा सोको अभिलेख भएको स्पष्ट आधार निवेदकबाट पेस हुन सकेको पाइँदैन । जिल्ला शिक्षा कार्यालय, धनुषाका स्रोत व्यक्तिले मिति २०६८।४।१२ मा जिल्ला शिक्षा कार्यालयमा पेस गरेको प्रतिवेदनमा पनि सो व्यहोरा उल्लेख भएको पाइँदैन । दामोदर झा विद्यालयको प्रधानाध्यापक भएको बेलामा आफ्नै छोराबुहारी यी निवेदकलाई नियुक्ति गरिएको भन्ने विषयमा विवाद उठी सो विवाद सम्बन्धमा छानबिन गरी टुङ्गोमा पुर्‍याउन क्षेत्रीय शिक्षा निर्देशनालयबाट मिति २०६८।२।१२ मा जिल्ला शिक्षा कार्यालयलाई निर्देशन भई छानबिन भइरहेको भन्ने विद्यालयको तर्फबाट प्रस्तुत गरिएको लिखित जवाफमा उल्लेख गरेको देखिँदा निवेदकको नियुक्ति नै जिल्ला शिक्षा कार्यालय, धनुषाबाट समर्थन भइनसकेको र तलब भत्ताको रकम निकासा नभएको भन्ने विषयमा विवाद उठी सो विवादको

टुङ्गो लगाउन क्षेत्रीय शिक्षा निर्देशनालयबाट जिल्ला शिक्षा कार्यालय, धनुषालाई निर्देशन भई जिल्ला शिक्षा कार्यालयबाट कारवाही अगाडि बढाइरहेको अवस्था रहेबाट त्यस्तो विवादित विषयमा रिट क्षेत्रबाट उपचार दिन नमिल्ने र निवेदकको कानूनबमोजिम हक स्थापित भएको अवस्थामा उपचारको बाटो खुला रहने नै हुनाले विवादको छानबिनकै चरणमा मागबमोजिम तलब भत्तासमेत सम्बन्धमा उपचार दिनसक्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ २७ गते रोज ३ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६८-CI-००४३, करारबमोजिम गरिपाऊँ, *दिनदयाल अग्रवाल वि. जिल्ला ललितपुर, ललितपुर उपमहानगरपालिका वडा नं. ४ स्थित राष्ट्रिय प्रकृति संरक्षण कोषको तर्फबाट अख्तियारवाला जुद्धबहादुर गुरूङ*

करारद्वारा सिर्जित विवादमा करार ऐन, २०५६ लागू हुन्छ। करार ऐन, २०५६ को दफा ८९(२)(ग)(घ) मा मुद्दा गर्नुपर्ने कारण उत्पन्न भएको मितिले दुईवर्षभित्र मुद्दा दायर गरिसक्नु पर्छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। प्रस्तुत विवादमा वादीले बोलपत्र हाली प्राप्त गरेका गाडीहरूसमेत समावेश गरी विपक्षी कोषले मिति २०६०।८।१६ मा बिक्रीको लागि पुन: सिल्ड टेण्डरको सूचना प्रकाशित गरेकोमा सोही मिति २०६०।८।१६ बाट वादी प्रतिवादीबीच विवाद सिर्जना भएकोले सोही मितिलाई नै मुद्दा गर्नुपर्ने कारण उत्पन्न भएको मान्नुपर्ने हुन्छ। यसअनुसार मिति २०६०।८।१६ बाट दुई वर्षभित्रै अर्थात् मिति २०६२।८।१५ भित्रमा फिराद दायर गर्नुपर्नेमा सोबमोजिम नगरी मिति २०६३।१।२७ मा प्रस्तुत फिराद दायर भएको देखिँदा हदम्याद नघाई दायर भएको फिरादबाट इन्साफ गर्न मिल्ने नदेखिँदा पुनरावेदन अदालतको फैसला अन्यथा हुनसक्ने अवस्था नदेखिने हुँदा निषेधाज्ञा मुद्दा फैसला भएको मिति २०६१।४।१३ लाई हदम्याद सुरू भएको मिति कायम गरी इन्साफ गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६५।९।१३ को फैसला उल्टी गरी वादीको फिराद करार ऐन, २०५६ को दफा ८९(२)(ग) र (घ) को म्याद दुईवर्षभित्र दायर भएको नदेखिएकाले फिराद दावी खारेज हुने भनी पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६७।९।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: फणिन्द्र पराजुली

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल कात्तिक ९ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६८-CI-०१०७,

लिखत बदर, *रेशमकुमारी बुढाथोकी वि. गेदलाल बुढाथोकीसमेत*

कि.नं. ५२९ को जग्गाभन्दा बढी नै जग्गा निज प्रतिवादीले आफूसँग राखी केवल ०.००५९२.६० जग्गा मात्र प्रतिवादी पार्वती चौधरीलाई राजीनामा पारित गरिदिएका र यी पुनरावेदक वादीका नाउँमा समेत करिब ०-१७-० जग्गा रहेको तथ्य मिसिल संलग्न जग्गाधनी प्रमाणपुर्जाबाट देखिन आउँछ । उल्लिखित कि.नं. ५२९ को जग्गा प्रतिवादी गेदलालका नाउँमा रहेका अन्य जग्गाहरू भन्दा ज्यादै मूल्यवान् रहेको हो कि भन्नलाई पनि वादीले फिरादपत्रमा सो कुरा उल्लेख गरी दावी लिन सकेको देखिएन। यस अदालतमा पुनरावेदन गर्दा विवादित जग्गाभन्दा मूल्यवान् रहेको भनी वादीले पुनरावेदनपत्रमा जिकिर लिएको भएता पनि मूल्यवान् जग्गा रहेको देखिनेसम्मको प्रमाणपत्रसमेत पेस गर्न सकेको नदेखिएकोले बिनाआधार लिएको पुनरावेदन जिकिर मनासिब नदेखिने।

विवादित जग्गाभन्दा बढी नै जग्गा यी पुनरावेदक वादी र प्रतिवादी गेदलाल बुढाथोकीका नाउँमा रहेको र राजीनामा पारित गरिदिएको विवादित जग्गा निज प्रतिवादी गेदलालका नाउँमा रहेका अन्य जग्गाभन्दा धेरै मूल्यवान् रहेको भनी यी पुनरावेदक वादीले फिरादमा उल्लेख गर्न सकेको नदेखिनुका साथै पुनरावेदनपत्रमा समेत सो जग्गा मूल्यवान् हो भन्ने देखिनेसम्मको प्रमाण पेस गर्न सकेको नदेखिएको अवस्थामा उल्लिखित कानूनी व्यवस्थाबमोजिम विवादित जग्गा प्रतिवादी गेदलाल बुढाथोकीले आफूखुस गर्न पाउने नै देखिँदा वादी दावीबमोजिम २ भागको १ भाग लिखत बदर हुने ठहऱ्याएको सुरू दाङ देउखुरी जिल्ला अदालतको फैसला उल्टी गरी वादी दावी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत, तुलसीपुर दाङको मिति २०६७।१२।१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: फणिन्द्र पराजुली

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल कात्तिक ९ गते रोज १ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-CI-००२६, ००२७, ००२८, ०६८-CI-१५०८, निषेधाज्ञा/परमादेश, *विष्णुलाल श्रेष्ठसमेत वि. हरिप्रसाद शर्मा आचार्य, काठमाडौं जिल्ला, काठमाडौं मनपा वडा नं. ११ मा कार्यालय रहेको चाइना टाउन व्यापार संघको तर्फबाट अख्तियारप्राप्त अध्यक्ष भै आफ्नो हकमा समेत ज्ञानेन्द्र सिपाई वि. हरिप्रसाद शर्मा आचार्य, काठमाडौं जिल्ला काठमाडौं मनपा वडा नं. ११ मा रहेको चर्चिल होटल लिमिटेडको अख्तियारप्राप्त ऐ.ऐ. बस्ने जयकुमारनाथ शाह वि. हरिप्रसाद शर्मा आचार्य, हरिप्रसाद शर्मा आचार्य वि. ज्ञानेन्द्र सिपाईसमेत*

निवेदकले चाइना टाउनमा आफ्नो

कारोबार सञ्चालन गरेको र त्यसरी कारोबार सञ्चालन गर्दा विद्युत लाइन अत्यावश्यक पर्ने भन्ने कुरामा विवाद हुन सक्तैन । निवेदकले विद्युत लाइनबापत रू. ६५२३।– दाखिल गरिसकेको भन्ने देखिएकाले निवेदकको व्यवसायलाई प्रत्यक्ष प्रभाव पर्ने विद्युत लाइन जस्तो अत्यावश्यक सेवाबाट निवेदकलाई वञ्चित गराउन मिल्ने नहुँदा विद्युत प्राधिकरणको दस्तुरअनुरूपको प्रचलित महसुल लिई विद्युत सेवाबाट निवेदकलाई वञ्चित नगर्नु, नगराउनु भनी परमादेशको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालतको आदेश मनासिबै देखिँदा निषेधाज्ञातर्फको दावी खारेज गरी परमादेशको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।८।२८ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७० साल साउन ३१ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-१५०७, परमादेश, *हरिप्रसाद शर्मा आचार्य वि. महानगरीय प्रहरी परिसर हनुमानढोका, काठमाडौंसमेत*

पुनरावेदकले पुनरावेदन अदालत, पाटनको आदेशबमोजिम मिति २०६८।८।१४ मा गरेको कागजमा आफूले विपक्षीहरूउपर गाली बेइज्जती मुद्दा दायर गरी कारवाहीयुक्त अवस्थामा रहेको भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ । यसरी निवेदकले प्रस्तुत मुद्दामा दावी रहेको विषयमा जिल्ला अदालतमा गाली बेइज्जती मुद्दा दायर गरिसकेको अवस्थामा सोही मुद्दाबाट निरूपण हुनसक्ने विषयमा पुन: जाहेरी दरखास्त दर्ता गरी कारवाही चलाउन मिल्ने अवस्था नहुने भनी पुनरावेदन अदालतले गरेको आदेश मनासिब देखिँदा निवेदकको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।८।२८ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७० साल साउन ३१ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७०-CR-००६०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नाङ्गा ढुलुप लामा*

प्रतिवादीले मृतकलाई पछाडिबाट चक्कु प्रहार गरी मारेको हुँ भनी अधिकारप्राप्त अधिकारी तथा अदालतमा समेत कसुरमा पूर्णरूपमा साबित भई बयान गरेको, प्रतिवादीको साबिती बयानलाई मौकामा कागज गर्ने रेशम लामा, चित्रबहादुर गुरूङ, गोपाल लामा, फुन्जो लामा, इन्द्रबहादुर लामा तथा जाहेरवाला नाङ्गा घ्याल्जेन लामासमेतको बकपत्रले पुष्टि गरेको, मृतकको शरीरका विभिन्न भागमा धारिलो हतियारले काटेको घाउ चोटहरू देखिन आयो । वारदातस्थलमा बरामद भएको चक्कुलाई प्रतिवादीले सनाखत गरिदिएको र सोही चक्कुको चोटबाट मृतकको मृत्यु भएको लास जाँच प्रकृति मुचुल्काबाट देखिएको

समेतका आधार प्रमाणबाट प्रतिवादी नाङ्गा ढुडुप लामाले मृतक ङवाङ घ्याम्जो लामालाई फलामको धारिलो चक्कु प्रहार गरी सोही चोटबाट मृतकको मृत्यु भएको मिसिल प्रमाणबाट पुष्टि भएको अवस्थामा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू गोरखा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पोखराबाट मिति २०७०।०२।२७ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल भदौ २७ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७०-CR-०११४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजेन्द्र खड्का*

प्रतिवादी र मृतकका बीचमा करणीका विषयमा विवाद भएकोले प्रतिवादीले मृतकलाई खुर्पाले काटिदिएको भनी साबित भएको र सो साबितीलाई मृतकको लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन र सो प्रतिवेदन दिने डाक्टरसमेतले अदालतमा गरेको बकपत्रबाट पुष्टि भएको पाइयो । प्रतिवादीले मृतकलाई मार्न प्रयोग गरेको खुर्पा बरामद भई आएको मिसिलमा देखिन्छ । मिसिल संलग्न मृतकको तीनप्रति रङ्गीन तस्बिर हेर्दा मृतकको अनुहार तथा योनीमा समेत प्रतिवादीले खुर्पा प्रहार गरी क्षत्विक्षत् पारी निर्मम, क्रूर तथा पाशविक तवरबाट मारेको देखिँदा प्रतिवादी राजेन्द्र खड्काले आफ्नो श्रीमती टीकाकुमारी खड्कालाई कर्तव्य गरी निर्मम तथा अमानवीय तवरबाट मारेको पुष्टि भएको अवस्थामा सुरू सिन्धुपाल्चोक जिल्ला अदालतले प्रतिवादी राजेन्द्र खड्कालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(१) नं. को कसुरमा सोही महलको १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।०२।१० को फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत: लोकनाथ पराजुली

इति संवत् २०७१ साल भदौ २७ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६८-WO-०३९३, उत्प्रेषण/परमादेश, *धनकृष्ण पाण्डे वि. प्रहरी प्रधान कार्यालय, सशस्त्र प्रहरी निर्देशनालय, काठमाडौंसमेत*

निवेदकले तोकिएको जिम्मेवारीप्रति बेवास्ता गरी अनुशासनबाहिर गई आफ्नो पदीय जिम्मेवारी पूरा गरेको नपाइँदा प्रहरी नियमावली, २०५९ को नियम ८८(झ) को कसुरमा सोही नियमावलीको नियम ८४(छ) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने भनी मध्यपश्चिम क्षेत्रीय प्रहरी कार्यालय, सुर्खेतका

प्रहरी उपरीक्षक महेन्द्रकुमार पोखरेलको मिति २०६६।०२।०७ मा गरेको निर्णयलाई सदर गरेको सोही कार्यालयका प्रहरी नायब महानिरीक्षक केदारप्रकाश साउदबाट मिति २०६८।०३।२१ मा भएको निर्णय कानून नियमसङ्गत् देखिँदा मागबमोजिमको आदेश जारी गरिरहन परेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: लोकनाथ पराजुली
कम्प्युटर: सबिना अधिकारी/मन्दिरा रानाभाट
इति संवत् २०७१ साल साउन २९ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६६-CR-०७५७, लागु औषध फेन्सिडिल, *कलाम मन्सुरी मियाँ वि. नेपाल सरकार*

राज्यबाट खास प्रकारका औषधिहरूको सञ्चय, बेचविखन तथा सेवन गर्न निषेध गरिएका औषधिहरू थोरबहुत जस्तोसुकै परिमाणमा भए पनि त्यस्तो औषधिहरूको सञ्चय गर्नु मान्यताप्राप्त चिकित्सकको सिफारिसबिना लागु औषध खरिद गरी सेवन गर्ने कार्यसमेत गैरकानूनी भई दण्डनीय हुने ।

पुनरावेदक प्रतिवादीबाट बरामद लागु औषध फेन्सिडिल डाक्टरको सल्लाहबाट सेवन गर्दै आएको भन्ने जिकिर लिएको भए तापनि त्यसलाई पुष्टि गर्ने कुनै प्रमाण पेस गर्न नसकेको, प्रतिबन्धित औषधि खरिद, बिक्री वितरण तथा सञ्चय गर्न अधिकारप्राप्त अधिकारी तथा निकायबाट स्वीकृति लिएको नपाइएको, पुनरावेदकले सञ्चालन गरेको औषधि पसलबाट नै प्रतिबन्धित लागू औषध बरामद भएको अवस्थामा पुनरावेदन प्रतिवादी कलाम मन्सुरी मियाँले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ)(ङ) र (च) द्वारा निषेधित कार्य गरेको पुष्टि भएकोले निजलाई सोही ऐनको दफा १४(१) को (झ) अनुसार सुरू सुनसरी जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादी कलाम मन्सुरी मियाँलाई दुई वर्ष कैद र एकलाख रूपैयाँ जरिवाना हुने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६५।९।१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: लोकनाथ पराजुली
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७१ साल साउन २७ गते रोज ३ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री दीपकराज जोशी,** ०७१-WH-०००३, बन्दीप्रत्यक्षीकरण, *समीर खानसमेत वि. कारागार कार्यालय, जगन्नाथदेवल, त्रिपुरेश्वर काठमाडौंसमेत*

एउटै अभियोगपत्रबाट चलेको मुद्दामा दुई वा सो भन्दा बढी ऐन लगाई कैद सजाय भएकोमा ऐनले नै कैद सजाय खाप्ने व्यवस्था

नगरेसम्म कैद सजाय खाप्न मिल्ने अवस्था रहँदैन। दुई वा सोभन्दा बढी ऐनअनुरूप सजाय गरेको अवस्थामा जुन ऐनको कैद सजाय सबैभन्दा ठूलो छ त्यही ऐनको कैद सजाय मात्र हुन्छ । अन्य ऐनबाट भएको कैद सजाय, सजाय पाउनेले भोग्न पर्दैन र कैद सजायको खत खाप्न पनि मिल्दैन। धेरै कलमको कैद ठेक्नुपर्ने अवस्थामा जुन कलमको कैद सबैभन्दा ठूलो छ सो हद ननाघ्ने गरी कैद ठेकिने हुन्छ । मुलुकी ऐन, दण्ड सजायको महलको १० नं. को कानूनी प्रावधानले ठूलो सजाय मात्र गर्नुपर्ने अवस्था देखिन आयो । निवेदकहरूलाई कैद ठेक्दा मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. को कानूनी प्रावधानबमोजिम कैदको सबभन्दा ठूलो हद ननाघ्ने गरी कैद ठेक्नुपर्ने देखियो । एउटै अभियोगपत्रबाट तीन कलममा निवेदकहरूलाई कैद सजाय भएकोमा नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(१) ले जनही १३ महिना कैद गर्ने नै तीन कलमको सबैभन्दा ठूलो कैद सजाय भएको हुँदा सोही ऐनबाट हुने सजाय मात्र हुनुपर्ने र अरू ऐनको खत खाप्न मिल्ने अवस्था रहेन । तसर्थ १३ महिना ननाघ्ने गरी कैद ठेक्नुपर्नेमा नागरिकता ऐन, २०६३ को दफा २१(१) बमोजिमको १३ महिना, राहदानी ऐन, २०२४ को दफा ५ बमोजिमको ६ महिना र मुलुकी ऐन, कीर्ते कागजको महलबमोजिमको १ वर्ष कैद अवधि जोडी २ वर्ष ७ महिना कैद ठेक्ने कार्य कानूनसम्मत् नदेखिने हुँदा निवेदकहरूलाई कैदको ठूलो हद ननाघ्ने गरी कैद ठेक्नुपर्ने भई निवेदकहरू मिति २०७०।३।१८ देखि थुनामा रहेको र निजहरूलाई लागेको ठूलो हदको कैद १३ महिना मिति २०७१।४।१७ मा नै भुक्तान भैसकेको हुँदा निवेदक समिर खान, अब्दुल खान र जान तुल्लालाई तत्काल कैदमुक्त गर्नु भनी विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: कृष्णप्रसाद पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल भदौ ९ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-११३८, अदालतको अवहेलना, *मनोज झा मैथिल बाहुन वि. विजयचन्द्र झा मैथिल बाहुन*

न्यायालयको गरिमामा दखल पुग्ने कार्य वा न्यायालय तथा न्यायिक कारवाहीप्रति अनास्था पैदा गर्ने प्रकारका क्रियाकलाप प्रत्यर्थीबाट भएको भन्ने तथ्यलाई पुष्टि गर्ने किसिमका कुनै पनि प्रमाण निवेदकले प्रस्तुत गर्न नसकेको, निवेदन व्यहोरामा अवहेलना गरेको भन्ने कुनै दावी जिकिर नगरेको अवस्थामा केवल "अदालतको अवहेलना गरेको" भन्ने विषयसम्म उल्लेख गरी निवेदन दायर गरेकै आधारमा मात्र अदालतको अवहेलना भएको भन्न नमिल्ने।

विपक्षीको कुन कार्यले अदालतको

अवहेलना भएको हो भन्ने निवेदकले स्पष्ट दावी लिन नसकेको र विपक्षीबाट अवहेलनाजन्य कार्य भएको भन्ने तथ्य कुनै पनि प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थामा निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६७।३।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कृष्णप्रसाद पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल भदौ १० गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६८-CR-०२८८, कर्तव्य ज्यान, *सरिता चाहार वि. नेपाल सरकार*

प्रस्तुत मुद्दाको वारदातमा प्रतिवादीले मृतकलाई ज्यान लिनुपर्ने पूर्व इविलाग मनसाय केही देखिँदैन । जोखिमी हतियार र विषको प्रयोग भई ज्यान गएको पनि देखिएको छैन । दैनिक मजदुरी गरी घर फर्की आउँदा मृतक विद्यालय नगएको देखी रक्षा शिक्षा गर्ने सानी आमा भएको नाताले कुटपीट गर्दा मृतकले प्रतिवादीमाथि रण्डी फुँडी जस्ता अभद्र शब्द प्रयोग गरी गालीगलौज गरेको कारण तत्काल आवेशमा आई मनस्थिति परिवर्तन भै मानसिक उद्विग्नता उद्वेगद्वारा अकस्मात उत्तेजित हुन आई रिसको झोकमा कुचो सलसमेतका वस्तुद्वारा कुटपीट गर्ने बाँध्ने कार्य गर्दा मृत्यु हुन पुगेको देखिन्छ । यस्तो परिस्थितिमा प्रतिवादी सरिता चाहारलाई निजले गरेको कसुरको प्रकृतिअनुसार कैद वर्ष १० हुन मनासिब देखिएकोले अ.बं. १८८ नं. अनुसार राय व्यक्त गरी पुनरावेदन अदालत, इलामबाट मिति २०६७।११।१७ मा भएको फैसला र राय मिलेकै देखिँदा सदर हुने हुँदा पुनरावेदिका प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल असोज २२ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CI-०४९४, घर हटाई खिचोला मेटाई चलन चलाइपाऊँ, *चितवन जिल्ला, रत्ननगर नगरपालिका वडा नं. ३ शान्तिचोकस्थित शान्तिधारा दुग्ध उत्पादक सहकारी संस्था लि. को अख्तियारप्राप्त व्यक्ति निर्मलनाथ रेग्मी वि. केदारबहादुर भण्डारीसमेत*

सुरू चितवन जिल्ला अदालतले मोहनकुमार र प्रतिवादीहरूबीच चलेको खिचोला मुद्दा मिति २०३२।१२।२७ मा मिलापत्र भएको र उक्त मुद्दा मिलापत्र हुँदा दावीको घर २०३० सालमै बनेको कुरा पुष्टि हुन आएको छ । तसर्थ सुरू जिल्ला अदालतले मुलुकी ऐन, घर बनाउनेको महलको ११ नं. को हदम्याद नाघी सकेकोले हदम्यादको अभावमा फिराद खारेज हुने ठहर गरेकोमा पुनरावेदन अदालत, हेटौंडाले उक्त फैसला केही उल्टी गरी न.नं. २ मा रहेको घरको पूर्वतर्फ खाली रहेको जग्गासम्म प्रतिवादीले खिचोला गरेको ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसलालाई अन्यथा मान्नुपर्ने स्थिति नदेखिँदा सुरू चितवन

जिल्ला अदालतबाट भएको खारेजी फैसला उल्टी गरी न.नं. २ मा खाली रहेको जग्गासम्म प्रतिवादीले खिचोला गरेको ठहर गरी सोही हदसम्म वादीले प्रतिवादीको खिचोला मेटाई चलनसमेत पाउने ठहर गरेको मिति २०६७।१।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । नक्सा नं. २ मा रहेको प्रतिवादीले बनाएको घरसमेत हटाइपाउँ भन्नेसम्मको वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: रामप्रसाद बस्याल

इति संवत् २०७१ साल असार २३ गते रोज २ शुभम् ।

## इजलास नं. ६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६६-CR-०१८२, ०१८३, ०१८४, ०१८५, ०१८६, ठगी, *कविप्रसाद गौतम वि. नेपाल सरकार, राजकुमार चौधरी वि. नेपाल सरकार, शैलेशकुमार अर्याल वि. नेपाल सरकार, अशोककुमार शर्मा वि. नेपाल सरकार, बलदेव चौधरी वि. नेपाल सरकार*

नेकाप २०६२, अङ्क ५, पृष्ठ ५१८, नि.नं. ७५३४ र नेकाप २०४३, अङ्क ११, पृष्ठ १०६२ को नजिर सिद्धान्तसमेतको आधारमा यो कानूनी बाटो रहेको भनी भन्न नमिल्ने र परिरहेको मुद्दामा उठेको विवादको समाधान जुन कानूनअन्तर्गत परेको हो सोही कानूनी व्यवस्थाअन्तर्गत रही निर्णय दिनुपर्ने देखिन्छ । सो सिद्धान्तबमोजिम मर्का पर्ने उद्योगले कम्पनी ऐन, २०५३ अनुरूप नभै मुलुकी ऐन, ठगीको महलअन्तर्गत मुद्दा चलाउनको लागि दिएको जाहेरी र नेपाल सरकारको तर्फबाट ठगीको १ नं. अन्तर्गत अभियोग दायर भएको प्रस्तुत मुद्दामा अन्यथा बोलिरहनुपर्ने नदेखिने ।

प्रतिवादीहरूको जिम्मा रहेको चेकमध्ये चेक नं.३३७६२७५०, ३३७६२२५२, ३३७६२२५३, ३३७६२२५४, ३३७६२२५६ र ३३७६२२६१ बाट उखु कृषकको विवरणमा उल्लेख नै नभएका सरिफ अन्सारीसमेतका ८ जना व्यक्तिहरूको नाममा चेकबाट रू.६९३५६०।४५ ठगी भएको भन्ने अभियोग दावी रहेको छ । प्रतिवादीहरूको निवेदन तथा बयानसमेतबाट उक्त चेकबाट उल्लिखित ६,९३,५६०।५४ बराबरको रकम भुक्तानी भएको देखिन्छ। रकम भुक्तानी गरिएका भनिएका सरिफ अन्सारीसमेतका व्यक्तिहरू उखु किसानको नामावलीमा समावेश नभएका व्यक्तिहरू भएकोमा पनि विवाद छैन । उल्लिखित आधारबाट भुक्तानी गर्नुपर्ने उखु किसानको विवरणमा उल्लेखै नभएका व्यक्तिहरूलाई उद्योगको रकम भुक्तानी गरी उद्योगलाई ठगी गरिएको अवस्था पुष्टि हुन आउने।

प्रतिवादीहरू सबै एकै स्थानमा बसी लेखामा कार्य गर्ने कर्मचारीहरू रहेको देखिन्छ । उखु किसानहरूको विवरण राख्ने भुक्तानी गर्दा सो विवरणसँग भिडाउने, चेक संरक्षण गरी राख्नेसमेतका कार्यहरूमा कुनै न कुनै रूपमा निजहरूको संलग्नता रहँदैन भन्न सकिँदैन । यी प्रतिवादीहरू

अधिकृतको मातहत सहयोगीको रूपमा रहने हुँदा आफ्नो शाखामा कुनै दूषित कार्य हुँदा सजग रहनुपर्ने र त्यस्तो कार्य भएमा तत्कालै माथिल्लो अधिकृत एवम् व्यवस्थापकलाई जानकारी गराउनुपर्ने निजहरूको कर्तव्य रहन्छ । तर प्रस्तुत वारदातमा निजहरूबाट त्यस्तो नभै ३-३ महिनासम्म वारदातलाई गुपचुप राखी बसेको देखिन्छ । निजहरूले व्यवस्थापकलाई बुझाएको स्पष्टीकरण पनि एकआपसमा विरोधाभास रहेको देखिँदा प्रस्तुत वारदातमा निजहरूको संलग्नता छैन भन्न नसकिने हुँदा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ठगीको महलको १ नं. बमोजिम कैद र जरिवाना हुने गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६४।१०।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: चाणकमणि अर्याल

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल असार १७ गते रोज ३ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र,** २०७१-WO-००७८, उत्प्रेषण/परमादेश, *यादव अधिकारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत*

जुन निर्णयले योग्यता (Merit) लाई नै मान्यता दिँदैन, त्यो निर्णय न्यायपूर्ण भएको भनी अदालत चुप लाग्ने हो भने संगठनको मनोबल व्यक्तिपरक मात्र हो भन्न पर्ने हुन्छ । त्यस्तो मनोगत कथनलाई आफूलाई संस्थागत बनाउन आफैँले निर्माण गरेको मापदण्डलाई सो खेलको नियममा मैले किन सहमत भइन भन्न यसको नियम म आफैँले नै बनाउने अधिकार राख्छु त्यसैले कसैले छानबिन नगर्नु भन्नु न्याय र सद्विवेकलाई समेत परित्याग गर्नु हो । त्यस्तो अवस्थामा सरकारले आफ्नो औचित्य समाप्त गरेको भन्न पर्ने भएकोले न्यायपूर्ण विवेकको प्रयोग गर्ने राज्यको अर्थ कसैले पनि समाप्त भएको मान्न नपर्ने र राज्यको उत्तरदायित्व बोध गरेको देखिनुपर्ने नै हुनुपर्छ । सुस्पष्ट कानूनको परमाधिकारी कानून मात्र हो, कसैको तजविजी होइन, तसर्थ समान अवस्थामा प्राप्त अङ्कको गणना भै रहेको नं. १३ को हक सम्ममा विशेष दरबन्दी सिर्जना भएकोमा सो भन्दा अघिका अङ्कमा देखिएकाहरूलाई त्यस्तो सुविधाबाट वञ्चित राख्नु न्यायपूर्ण हुन नसक्ने ।

रिट निवेदक २०६६।६। २१ मा प्रहरी नायब महानिरीक्षक पदमा बढुवा भै ५ वर्षको कार्यकाल २०७१।६।२१ मा समाप्त हुने र बढुवा पाएका प्रहरी अतिरिक्त महानिरीक्षकहरू पनि सोही मितिमा प्रहरी नायब निरीक्षक पदमा बढुवा भएको देखिँदा सो निर्णय बदर भएमा निवेदक यादव अधिकारी र बढुवा भएका प्रहरी अतिरिक्त महानिरीक्षकहरू पनि बढुवा हुनबाट वञ्चित भै अवकाश हुनुपर्ने अवस्था सिर्जना हुने र माथिल्लो पद खाली हुन गै आसन्न दक्षिण

एसियाली सहयोग संगठनको सम्मेलनको अवसरसमेतमा शान्ति व्यवस्थामा प्रतिकूल प्रभाव पर्नसक्ने स्थितिलाई समेत बेवास्ता गर्न मिल्ने स्थिति नहुँदा मन्त्रिपरिषद्को २०७१।४।२९ को निर्णयलाई पूर्ण बदर गरिरहन औचित्यपूर्ण र व्यवहारिक देखिन नआउने।

रिट निवेदक यादव अधिकारी बढुवा समितिको २०७१।२।१३ को निर्णयबाट क्रमसङ्ख्या १० नं. मा रहेकोमा बढुवाको उजुर सुन्ने समितिको मिति २०७१।३।३ को निर्णयबाट ८ नं. मा परेको देखिन्छ । प्रहरी नियमावली, २०७१ को नियम ३०(२) बमोजिम पाएको अङ्कअनुसार प्रहरी अतिरिक्त महानिरीक्षक पद रिक्त ७ मा बढुवा नपाए पनि बढुवा उजुरी सुन्ने समितिको मिति २०७१।३।३ को निर्णयबाट ८ नं. मा परेको देखिन्छ। प्रहरी नियमावली, २०७१ को नियम ३०(२) बमोजिम पाएको अङ्कअनुसार प्रहरी अतिरिक्त महानिरीक्षक पद रिक्त ७ मा बढुवा नपाए पनि बढुवा उजुरी सुन्ने समितिले १० नं. मा सिफारिस गरेका रमेश शेखर बज्राचार्य र १३ नं. मा सिफारिस भएका केदार प्रकाश साउदलाई क्रमशः ६ र ७ नं.मा राखी बढुवा गरेको र ४ र ६ नं. मा सिफारिस गरेको गणेशराज राई र नारायणप्रसाद बस्ताकोटीलाई ८ र ९ नं. मा राखी दरबन्दी भन्दा बढी २ पद सिर्जना गरी प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गरेको पाइन्छ । यी निवेदक बढुवा समितिको सिफारीसको क्रमसङ्ख्या १० मा रहेको र बढुवाको उजुरी सुन्ने समितिले सिफारिस गरेको बढुवा सूचीको क्रमसङ्ख्या ८ रहेको देखिँदा १० र १३ नं. मा रहेका क्रमशः रमेशशेखर बज्रचार्य र केदारप्रकाश साउदको भन्दा बढी अङ्क प्राप्त गरेको कारणले निजहरू २ जना भन्दा बढी अङ्क प्राप्त गरी अगाडि रहेकाले प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्नुपर्नेमा निजलाई बढुवा नगरेको नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१।४।२९ को निर्णय न्यायोचित मान्न नमिल्ने।

कुनै पनि कानून कसैलाई लागू हुने र कसैलाई नहुने गरी वर्गीकरण गर्दा त्यस्तो वर्गीकरण औचित्यपूर्ण र विवेकपरक हुनुपर्दछ । अन्यथा त्यस्तो वर्गीकरण स्वेच्छाचारी भई अन्यायपूर्ण हुन जाने भनी (नेकाप २०६३, निर्णय नं. ७७४४, पृष्ठ ९९२, पूर्ण इजलास) निवेदक प्रदिपप्रताप मल्ल विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको मुद्दामा सिद्धान्त प्रतिपादन भएको पाइँदा प्रतिपादित मान्य सिद्धान्त एवम् सुविधा सन्तुलनको दृष्टिकोणबाट समेत यी रिट निवेदक यादव अधिकारीलाई मिति २०७१।४।२९ गतेदेखि लागू हुने गरी प्रहरी अतिरिक्त महानिरीक्षक पद रिक्त भए सोही पदहरूमा र रिक्त नभएमा विशेष पद सिर्जना गरी प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्नु गराउनु भनी विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयको नाममा परमादेशको आदेश जारी हुने ।
इजलास अधिकृतः जवाहरप्रसाद सिंह
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७१ साल असोज ८ गते रोज ४ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-११००, जबर्जस्ती करणी, *नन्दकिशोर थेवे वि. नेपाल सरकार*

आफूले लालनपालन, शिक्षादीक्षा दिई सक्षम नागरिक बनाउनुपर्ने र कसैले अनुचित कार्य गरेमा सो विरूद्ध अग्रसर भई संरक्षण प्रदान गर्नुपर्ने दायित्व भएका यी पुनरावेदक प्रतिवादीले आफ्नै नाबालिका दुईजना छोरीहरूलाई कुटपीट गरी, डर त्रास देखाई अनुचित प्रभावमा पारी जबर्जस्ती करणी जस्तो जघन्य र घृणित आपराधिक कार्य गरेको कुरा प्रमाणबाट पुष्टि भएको देखिँदा निजलाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १ नं. र हाडनाता करणीको महलको १ नं. को कसुर अपराधमा ऐ. जबर्जस्ती करणीको महलको ३(२) नं. बमोजिम कैद वर्ष १० र हाडनाता करणीको महलको १ नं. बमोजिम थप कैद वर्ष १० हुने र जबर्जस्ती करणीको महलको १० नं. बमोजिम पीडिताहरू दुबैजनाले प्रतिवादीबाट जनही १,००,०००।–(एक लाख) क्षतिपूर्तिसमेत भरिपाउने ठहर्‍याएको सुरू झापा जिल्ला अदालतको मिति २०६७।५।२७ को फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६८।५।२५ को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।
इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७१ साल कात्तिक १० गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-१११९, कर्तव्य ज्यान, *ईरमान तामाङ वि. नेपाल सरकार*

मार्ने मनसाय राखी, योजना बनाई जोखिमी हतियारले प्रहार गरी भएको हत्या आवेशप्रेरित हत्याको कोटीमा पर्ने देखिँदैन । आवेशप्रेरित हत्यामा पीडितको कुनै कार्यबाट प्रतिवादी उत्तेजित भै आवेशमा आई आत्मनियन्त्रण गुमाई पीडितको कार्यको प्रतिक्रियाको रूपमा तत्कालीन अवस्थामा नै पीडितउपर हमला गरेको र सोही कारणबाट पीडितको मृत्यु भएको हुन्छ । यस्तो अवस्थामा प्रतिवादीले आंशिक प्रतिरक्षाको जिकिर लिन र प्रमाणित भएमा सो सुविधा प्राप्त हुने ।

पुनरावेदक प्रतिवादीले आफ्नो वृद्ध बाबुलाई रिसको आवेगमा एक पटक प्रहार गरी भुइँमा लडिसकेपछि पुन: प्रहार गरेको देखिएको, त्यस्तो कार्यबाट मानिस मर्नसक्ने भन्ने कुरा सामान्य समझको मानिसले स्वत: अनुमान गर्नसक्ने हुँदा आफूले प्रहार गरेको

चोटकै कारणबाट बाबुको मृत्यु होला भन्ने नलागेको, कुठाउँमा लाग्न गै भवितव्य पर्न गएको भनी लिएको जिकिर उपर्युक्त कानूनी व्यवस्थाको रोहमा खम्बीर हुनसक्ने नदेखिने।

यी पुनरावेदक प्रतिवादी ईरमान तामाङले रिसको आवेगमा आफ्नो वृद्ध बाबु धनबहादुर तामाङलाई मुक्का तथा लातले कन्चट, छातीसमेतमा प्रहार गरेको चोटका कारणबाट मृत्यु भएको देखिँदा निज प्रतिवादी ईरमान तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. को कसुरमा सोही नं. बमोजिम कैद वर्ष १० सजाय गर्ने ठहर्‍याएको सुरू नुवाकोट जिल्ला अदालतको मिति २०६७।११।२५ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।५।२७ को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली
कम्प्युटर: गीता घिमिरे गिरी
इति संवत् २०७१ कात्तिक १० गते रोज २ शुभम्।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CR-१३२२, मानव अपहरण धम्की, *झलनाथ न्यौपाने वि. नेपाल सरकार*

जाहेरवालाले मोबाइल गर्ने र पाउने एउटा दुइटा होइन अनेकौं नम्बर, सो भएको समय, मिति र अवधि जस्ता यावत कुरा कृत्रिम निर्माण गरे होलान् भन्ने कुराको अनुमान घटनाक्रम र त्यसको सिलसिलाको स्वाभिमानलाई विचार गर्दा गर्नै मिल्दैन । ती सब विवरण प्रहरी कार्यालयको आदेशानुसार पेस भएको छ । एसएमएस आएको कुरा जाहेरवालाले आफूहरूलाई भनेको, सल्लाह मागेको र आफूहरूले सल्लाह दिएको भनी वस्तुस्थितिका व्यक्तिहरूले मौकामा र अदालतमा बकपत्रसमेत गरिदिएको देखिन्छ। यसमा जाहेरवालाबाट सो टाइप विवरण नआएको भए पनि प्रतिवादीको बयान, वादीका साक्षीहरूको बकपत्र, प्रतिवादीको बैंक खाता नं. आदि प्रमाण दहिला प्रमाणका रूपमा रहेका र ती प्रमाणबाट जाहेरवालाले पेस गरेको मौकाको एसएमएस विवरण निर्विवाद तवरबाट प्रमाणित भएको कुरामा शङ्का गर्ने ठाउँ देखिँदैन। पहिले आफैं यावत कुरा बुझी त्यसको प्रिन्टसमेत निकाली कसैका विरूद्ध झुट्ठा मुद्दा नचलोस् भन्ने कुरामा विश्वस्त भई जाहेरी दिने जाहेरवाला जस्ता चेतनशील नागरिक धन्यवादका पात्र हुनुहुन्छ । जाहेरवालाको यो कुशलताले अदालतलाई र अनुसन्धानकर्तालाई फौजदारी न्यायको सम्बन्धमा ठूलो मद्दत भएको देखिने।

पुनरावेदक प्रतिवादी झलनाथ न्यौपानेले आरोपित कसुर गरेको कुरा पुष्टि हुन आएकोले निजलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ६ नं. को कसुरमा ऐ.को ३ नं. को सजायको आधारमा ऐ.को ६ नं. बमोजिम ३ वर्ष ६ महिना कैद र रू. २५,०००।– जरिवानासमेत हुने ठहर्‍याएको झापा जिल्ला अदालतको मिति २०६८।६।२ को फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६९।३।२६ को फैसला

मनासिब देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।
इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७१ साल कात्तिक १० गते रोज २ शुभम् ।

## इजलास नं. ९

**मा.न्या. श्री देवेन्द्रगोपाल श्रेष्ठ र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CI-१६२०, खिचोला छोडाई टप घर छाप्रो निकास बन्द गरी चलन पाऊँ, *बिचारी पण्डित कुम्हाल वि. झिंगन पण्डित भन्ने झिंगन पण्डित कुम्हालसमेत*

वादीको निर्विवाद भोगमा रहेको कि.नं. ९८ को ज.वि. ०-०-११-६ ३/४ र न.नं. ६ को ०-०-०१३ ३/४ को विवादित जग्गा जोड्दा ज.वि. ०-०-१२-४ ३/४ हुन आई ट्रायल चेकबाट वादीको कायम हुन आएको स्रेस्ताभन्दा बढी जग्गा देखिन आउँछ भने यसै लगाउको ०६७-CI-१६१९ को जग्गा खिचोला घर छाप्रो हटाई बाटो खुलाई चलन मुद्दाबाट विवाद जनिएको न.नं. ११ तथा न.नं. १० मध्येको न.नं. ५ को पूर्वी सिमारेखादेखि सीधा दक्षिणतर्फ बढ्दै जाँदा पश्चिमतर्फ बाँकी रहने न.नं. १० को पश्चिम हिस्सामा रहेको जग्गामासम्म प्रतिवादीले खिचोला गरेको ठहरिएकोले सो न.नं. १० को पूर्वतर्फको यी पुनरावेदकको कायम भएको बाँकी जग्गासमेत जोड्दा अझ बढी जग्गा यी पुनरावेदकको देखिन आएको अवस्था छ । अब प्रतिवादीको कि.नं. १०० को निर्विवादित जग्गा ०-०-७-१५ मा विवादित न.नं. २, ३, ४ र ५ को जग्गा ०-०-०-४ ३/४ तथा उक्त लगाउको मुद्दाबाट यी प्रत्यर्थी प्रतिवादीको ठहर भएको न.नं. ११ को ०-०-०-१० १/४ र १० मध्येको न.नं. ५ को पूर्वी सिमा रेखादेखि सीधा दक्षिणतर्फ न.नं. १० को दक्षिण सिमा रेखातर्फ बढ्दै जाँदा पश्चिमतर्फ बाँकी रहने न.नं. १० को पश्चिम हिस्सामा रहेको जग्गासमेत जोड्दा पनि निजको स्रेस्तामा कायम भएको ०-०-११-८ जग्गा नपुगेको अवस्था देखिन्छ । उक्त नक्सा मुचुल्का तथा नक्सा प्रिन्टको प्रकृतिबाट समेत ती विवादित जग्गा प्रतिवादीको कि.नं.१०० भित्रकै देखिँदा प्रतिवादीले वादीको दावीबमोजिम खिचोला गरेको भन्न मिल्ने अवस्था देखिन नआउने हुँदा न.नं. ६ को जग्गामा खिचोला गरेको नठहऱ्याएको हदसम्म न.नं. ५ को जग्गामा रहेको टप भत्काउने ठहऱ्याएको हदसम्म र निकास बन्द गरिपाउँ भन्ने दावी रहेकोमा निकास बाटो खुलाई पाउँ भनी उल्लेख भएको हदसम्म सुरू बारा जिल्ला अदालतको मिति २०६६।३।२२ को फैसला केही उल्टी भई न.नं. ६ को जग्गा प्रतिवादीले खिचोला गरेको ठहऱ्याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६७।९।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।
इजलास अधिकृत: सूर्यप्रसाद रेग्मी
इति संवत् २०७१ साल असोज २ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६७-CI-१६१९, खिचोला छोडाई घर छाप्रो हटाई बाटो खुलाई चलन, *बिचारी पण्डित वि. कृत पण्डित कुम्हाल*

## एकल इजलास

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७१-WO-०२०९, उत्प्रेषण/परमादेश, *न्हुच्छेमान महर्जन वि. प्रेमबहादुर मानन्धरसमेत*

कैद जरिवाना लागेको व्यक्तिले पुनरावेदन गर्न कानूनबमोजिम जेथा जमानत दिई रोक्का रहेको सम्पत्ति निज प्रतिवादीलाई लागेको कैद जरिवाना असुलउपर भएपछि मात्र फुकुवा हुन सक्ने ।

निवेदन दावीको कि.नं. १६२ को ०-३-०-० जग्गा प्रतिवादी प्रेमबहादुर मानन्धर भएको सरकारी छाप दस्तखत कीर्ते मुद्दामा निज प्रतिवादीले पुनरावेदन अदालत, पाटनको पत्रअनुसार रोक्का रहेको र निज प्रतिवादी प्रेमबहादुर मानन्धरलाई उक्त सरकारी छाप दस्तखत कीर्ते मुद्दामा लागेको कैद जरिवाना असुलउपर हुन सकेको अवस्था नहुँदा त्यस्तो जग्गाको रोक्का फुकुवा नगरिदिएकोबाट निवेदकको सम्पत्तिसम्बन्धी संवैधानिक हक एवम् कानूनी हक हनन् भएको भन्न मिल्ने अवस्था देखिएन । कानूनबमोजिम भए गरेको कार्यबाट कसैको हकमा प्रतिकूल असर परेको वा सो हकमा आघात पुगेको सम्झन नमिल्ने ।

कि.नं. १६२ को ०-३-०-० जग्गा प्रेमबहादुर मानन्धरसमेत प्रतिवादी भएको सरकारी छाप दस्तखत कीर्ते मुद्दामा निज प्रतिवादीले पुनरावेदन दिँदा तत्कालीन बागमती अञ्चल अदालतबाट जेथा जमानतको प्रक्रिया सुरू भई उक्त अदालत विघटन भएपछि सो अदालतको जिम्मेवारी सरी आएको निकाय पुनरावेदन अदालत, पाटनबाट रोक्का राखेको देखिएको र निज प्रतिवादी प्रेमबहादुर मानन्धरलाई काठमाडौं जिल्ला अदालतको फैसलाले १(एक) वर्ष कैद र रू. १,२७,०००।– जरिवाना भएकोमा निज पुर्पक्षको सिलसिलामा १३ दिन कैद बसेको र निजउपर जरीवाना रू. १,२७,०००।– जरिवाना भएकोमा निज पुर्पक्षको सिलसिलामा १३ दिन कैद बसेको र निजउपर जरिवाना रू. १,२७,९८३।– र कैद ११ महिना १७ दिन बाँकी रहेको भन्ने निवेदकको लेखबाट देखिँदा हालसम्म सो कैद जरिवाना भुक्तान भइनसकेको अवस्थामा उक्त जग्गा फुकुवा हुनसक्ने कानूनी अवस्था नरहेको र कानूनबमोजिम भए गरेको कामकारवाहीबाट निवेदकको संवैधानिक एवम् कानूनी हक हनन् भएको भन्ने प्रथम दृष्टिमा सम्झन नमिल्ने हुँदा रिट जारी हुने अवस्था नहुँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: भद्रकाली पोखरेल

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल असोज २२ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०७१-WO-

००७०, उत्प्रेषण, *जगतबहादुर शाहीसमेत वि. गुठी संस्थान शाखा कार्यालय, तबहाल, ललितपुरसमेत*

ललितपुर जिल्ला अदालत एवम् पुनरावेदन अदालत, पाटनसमेतबाट भएको क्रमश: मिति २०६७।९।१२ र मिति २०६८।११।१५ का फैसलाअनुसार नै गुठी संस्थान केन्द्रीय कार्यालयबाट मिति २०७०।११।१९ मा निर्णय भएको देखिएको र रिट निवेदकहरूले अदालतबाट भएका उल्लिखित फैसलाहरूउपर कुनै प्रश्न उठाएको समेत नदेखिएकोले प्रथम दृष्टिमा नै निवेदन मागबमोजिमको आदेश जारी हुनसक्ने आधार र अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: फणिन्द्र पराजुली

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल कात्तिक १३ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली,** ०७१-WH-००१९, बन्दीप्रत्यक्षीकरण, *एल.बि. टण्डन भन्ने लोकबहादुर टण्डनको हकमा लोकमाया टण्डन वि. महानगरीय प्रहरी अपराध महाशाखा, हनुमानढोका, काठमाडौंसमेत*

कुनै पनि व्यक्ति वा निकायले कसैको वैयक्तिक स्वतन्त्रताको हरण हुने कुनै पनि कार्य गरेमा निजको वैयक्तिक स्वतन्त्रताको रक्षा गर्ने जिम्मेवारी संविधानत: यस अदालतको भएकाले त्यस्तो कार्यका विरूद्ध यस अदालतले उपयुक्त आदेश दिनसक्ने कुरामा विवाद हुन सक्तैन। तर ललितपुर जिल्ला अदालतका तहसिलदारले उक्त संवैधानिक एवम् कानूनी व्यवस्थातर्फ विचार नगरी निवेदकले अ.बं. १९४(१) नं. तथा दण्ड सजायको महलको २३ नं. बमोजिम दिएको निवेदनमाथि निवेदन दावीबमोजिम गर्नुपर्ने हो होइन भन्ने विषयमा नै निकासा दिनेतर्फ सक्रियता नदेखाई निवेदकलाई थुनामा राख्न पठाउने भनी गरेको आदेश माथि उल्लिखित कानूनी व्यवस्थाको विपरीत भई निवेदकलाई अ.बं. १९४(१), १९३ दण्ड सजायको २३ नं. एवम् सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ तथा न्याय प्रशासन ऐन, २०४८ को दफा ८ समेतद्वारा प्रदत्त हक अधिकारमा प्रतिकूल असर परेको देखिन आउँदा अ.बं. १९४(१) नं. बमोजिम सुविधाको माग गर्ने निवेदकलाई सोको निकासा दिनेतर्फ जागरूक नभई ५:०० बजे आएकाले कारगारमा पठाउने गरी भएको आदेशमा मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको १९४(१) नं. दण्डसजायको महलको २३ नं. र मुद्दाको रोहमा एकतह पुनरावेदन गर्न पाउने हकप्रति नै त्रुटि गरेको देखिँदा यी निवेदकले सुरू ललितपुर जिल्ला अदालतमा दिएको मिति २०७१।६।८ को निवेदनमा निकासा दिने प्रयोजनका लागि सो अड्डा खुलेका दिन ललितपुर जिल्ला अदालतमा हाजिर हुन जानेछु भन्ने कागज निजबाट गराउनु र निजले सो कागज गरेमा सो हाजिर हुने म्यादसम्मका लागि यस अदालतका सहरजिस्ट्रारको

रोहबरमा थुनामुक्त गरिदिनु भनी विपक्षीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: किशोर घिमिरे
कम्प्युटर: मन्जिता ढुङ्गाना
इति संवत् २०७१ साल असोज १३ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WH-००७१, बन्दीप्रत्यक्षीकरण, *अधिवक्ता बिमला यादव वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत*

मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको ११८ को देहाय ८ को कानूनी व्यवस्थाअनुसार मुद्दा हेर्ने अधिकारीले माग गरेको धरौट दाखिल गर्न नसक्नेलाई थुनामा पठाउनुपर्ने हुन्छ । केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ अन्तर्गतको मुद्दा हेर्ने अधिकारप्राप्त प्रमुख जिल्ला अधिकारीले उक्त ऐनअन्तर्गत दायर भएको मुद्दामा माग भएको धरौटी नबुझाउने विजय रानामगरलाई थुनामा राख्न पठाउने कार्यलाई कानूनविपरीतको कार्य भन्न र मान्न नमिल्ने ।

प्रमुख जिल्ला अधिकारीले माग गरेको धरौटका सम्बन्धमा चित्त नबुझ्ने पक्षले मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको १७ नं. बमोजिम पुनरावेदन तहमा निवेदन गरी साधारण उपचार प्राप्त गर्नसक्ने मार्ग हुँदाहुँदै सोको अवलम्बन नगरी बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दिएको पाइएको तर धरौटी तिर्न नसकेको कारणबाट कानूनबमोजिम थुनामा रहेका व्यक्तिलाई थुनामुक्त गर्नुपर्ने घोर कानूनी त्रुटि विद्यमान नरहेको तथ्य र कानूनी अवस्था रहेको प्रस्तुत विषयमा बन्दीप्रत्यक्षीकरणबाट हस्तक्षेप हुनु कानून र न्यायसम्मत नहुने ।

प्रस्तुत निवेदन प्रमुख जिल्ला अधिकारीले सार्वजनिक अपराध मुद्दामा माग गरेको धरौट रू. ४०००।– मात्र बुझाउन नसकेका कारणले दायर हुन आएको थुनुवाको मुद्दासँग सम्बन्धित देखिँदा मुद्दाको प्रकृति र माग गरेको धरौट रकमसमेतलाई दृष्टिगत गर्दा जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा निज विजय रानामगरउपर चलेको सार्वजनिक अपराध मुद्दालाई लम्ब्याउनु न्यायोचित नहुँदा यो आदेश प्राप्त भएको मितिले ७ (सात) दिनभित्र जे जो प्रमाण बुझ्नुपर्छ बुझी मुद्दाको किनारा गर्नु भनी विपक्षी प्रमुख जिल्ला अधिकारीका नाउँमा आदेश जारी हुने ।

इजलास अधिकृत: किशोर घिमिरे
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल वैशाख २१ गते रोज १ शुभम् ।

## पुनरावलोकन निस्सा

**मा.न्या.श्री गिरीश चन्द्र लाल, मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-RV-०१७७, कर्तव्य ज्यान, *यमनाथ खनाल वि. नेपाल सरकार*

निवेदक प्रतिवादी मानसिक रोगबाट पीडित रहेकै अवस्थामा प्रस्तुत मुद्दाको घटना घटेको देखिँदा निजलाई ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित

जन्मकैदको सजाय हुने ठहर्‍याएको यस अदालतको संयुक्त इजलासको मिति २०६९।७।१५ को फैसला मुलुकी ऐन, दण्ड सजायको महलको १ नं. तथा यस अदालतको फुलबेञ्चबाट मिति २०४२।५।७ मा भएको फैसला (*नेकाप* २०४२ भदौ, नि.नं. २३५५, पृ. ४३५) समेतको विपरीत भई त्रुटिपूर्ण देखिन आएकोले न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१) को खण्ड (ख) बमोजिम मुद्दा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान हुने ।

इति संवत् २०७१ साल कात्तिक २८ गते रोज ६ शुभम् ।

## रीत/बेरीत आदेश

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७१-RE-००११,** उत्प्रेषण, *भीमप्रसाद उपाध्याय वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत*

यसमा मिति २०७१।१।२३ मा त्यहाँबाट अन्तरिम आदेश जारी हुनुभन्दा अगावै मिति २०७१।१।२२ मा नै निवेदकलाई सरूवा गरिसकेको भन्ने आधारमा मिति २०६१।१।२३ को अन्तरिम आदेश खारेज गर्ने मिति २०७१।२।७ मा आदेश भएको देखिन्छ । विचाराधीन रिट निवेदनमा पूरा तवरले विचार गरी आवश्यक आदेश जारी गरी हस्तक्षेप गर्नुपर्ने नदेखिएकोले कानूनबमोजिम हुने ।

इति संवत् २०७१ साल मङ्सिर १२ गते रोज ६ शुभम् ।

२

**स.प्र.न्या. रामकुमार प्रसाद शाह,** ०७१-AP-०१३२, ठगी, *छत्रबहादुर गुरूङ वि. हितजङ्ग गुरूङ*

यी निवेदकले प्रतिवादी हितजङ्ग गुरूङउपर ठगी गरेको भनी जाहेरी दिई दायर भएको प्रस्तुत मुद्दामा काठमाडौं जिल्ला अदालतबाट फैसला हुँदा ठगीको अभियोग दावी पुग्न नसक्ने र सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम प्रस्तुत मुद्दा चेक अनादरमा परिणत हुने ठहर भएउपर वादी नेपाल सरकारको पुनरावेदन अदालत, पाटनमा पुनरावेदन दायर भएको देखिन्छ । यी निवेदक मुद्दाको जाहेरवाला भएको र जाहेरवालाले ठगी मुद्दाको बिगोका सम्बन्धमा जग्गा रोक्का राख्न निवेदन दिने कानूनी व्यवस्था नरहेको परिप्रेक्ष्यमा प्रतिवादी बाहेकका अन्य व्यक्तिको नामको जग्गा रोक्का राख्न नमिल्ने भनी त्यस अदालतबाट मिति २०७१।७।२ मा भएको आदेश मनासिब हुँदा परिवर्तन गरिरहन नपर्ने ।

इति संवत् २०७१ साल मङ्सिर १२ गते रोज ६ शुभम् ।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"
- सर्वोच्च अदालत, मेलमिलाप समिति

## सूचना प्रविधि प्रयोगसम्बन्धी सर्वोच्च अदालतको सूचना

न्यायिक कार्यलाई छिटो, छरितो एवम् सहज र प्रभावकारी बनाउन मुद्दा व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग गरी सर्वोच्च अदालतले सेवाग्राहीलाई निम्न सेवा प्रवाह गर्न लागेकोले ती सेवाहरू प्रयोग गरी लाभान्वित हुनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### १. अनलाइन तारिख सेवा

सर्वोच्च अदालतमा पुनरावेदनपत्र, रिट तथा निवेदन दर्ता गरी तारिखमा बसेका मुद्दाका पक्षहरूलाई सुविधा प्रदान गर्ने उद्देश्यले सर्वोच्च अदालतमा नआइकनै आफूलाई पायक पर्ने नजिकको जिल्ला अदालत तथा पुनरावेदन अदालतबाट सफ्टवयर मार्फत अनलाइन तारिख लिनसक्ने व्यवस्था गरिएको छ । पहिलो चरणमा आवश्यक पर्ने पूर्वाधार तयार भएका पुनरावेदन अदालत विराटनगर, राजविराज, जनकपुर, हेटौंडा, पोखरा, बाग्लुङ, बुटवल, नेपालगन्ज, महेन्द्रनगर तथा मोरङ, सुनसरी, झापा, सिरहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, मकवानपुर, चितवन, कास्की, स्याङ्जा, तनहुँ, पर्वत, म्याग्दी, बाग्लुङ, रूपन्देही, कपिलवस्तु, नवलपरासी, गुल्मी, दाङ, बाँके, बर्दिया, कैलाली, डोटी, कञ्चनपुर, काठमाडौं, ललितपुर र भक्तपुर लगायतका जिल्ला अदालतहरूबाट थप कुनै शुल्क नलाग्ने गरी यो सुविधा प्रयोग गर्न सकिने व्यवस्था मिलाइएको छ । यो सुविधा लिन चाहने मुद्दाका पक्षहरूले सर्वोच्च अदालतको सम्बन्धित फाँटमा सम्पर्क गरी व्यक्तिगत विवरण फारम नं.१ भर्नु हुन अनुरोध गरिन्छ ।

### २. अनलाइन म्याद तामेली व्यवस्थापन सेवा

म्याद तामेली कार्यलाई छिटो छरितो बनाउनका लागि सर्वोच्च अदालतले म्याद तामेलीसम्बन्धी अनलाइन सफ्टवयर निर्माण गरी अन्य जिल्ला अदालतबाट तामेल गर्नुपर्ने सूचना म्यादहरू सम्बन्धित जिल्ला अदालतमा पठाउने व्यवस्था मिलाइएको छ । यस्ता म्याद सूचनाहरू सम्बन्धित जिल्ला अदालतले डाउनलोड तथा प्रिन्ट गरी तामेल्दारमार्फत सम्बन्धित पक्षलाई बुझाइन्छ । म्याद तामेली भएपछि पनि तामेली प्रति सम्बन्धित अदालतले उक्त सफ्टवेयरमार्फत अपलोड गरी सर्वोच्च अदालतमा पठाएपछि सर्वोच्च अदालतले यस्तो म्याद तामेली डाउनलोड तथा प्रिन्ट गरी सम्बन्धित मिसिलमा समावेश गरिने छ ।

### ३. एस.एम.एस. मार्फत मुद्दाको जानकारी

मुद्दाका पक्षहरूलाई मुद्दा, रिट तथा निवेदन दर्ता भएको मितिको जानकारी, पेसी मितिको जानकारी र पेसीमा इजलासबाट भएका आदेश तथा फैसलाका जानकारीहरू स्वचालितरूपमा एस.एम.एस. मार्फत पठाउने एस.एम.एस. सेवा

र पक्षहरूले एस.एम.एस. मार्फत जानकारी लिन सक्ने व्यवस्था मिलाएको छ ।

**क. अदालतले पठाउने एस.एम.एस. सेवा**

सर्वोच्च अदालतमा मुद्दा, रिट तथा निवेदन दर्ता हुनासाथ दर्ता भएको जानकारी, पेसीमा चढेको मुद्दा पेसीमा चढाउनासाथ पेसी मितिको जानकारी र पेसीका दिन इजलासबाट आदेश वा फैसला भएको छोटकरी व्यहोराको जानकारी पक्षहरूले उपलब्ध गराएको मोबाइल नं. वा इमेल ठेगानामा स्वतः पुग्ने व्यवस्था मिलाइएको छ । सो को लागि सम्बन्धित सबैले आ-आफ्नो मोबाइल नं. वा इमेल ठेगाना यस अदालतको सम्बन्धित मुद्दा फाँटमा उपलब्ध गराउनु हुन अनुरोध छ ।

**ख. पक्षहरूले जानकारी माग्ने एस.एम.एस. सेवा**

सर्वोच्च अदालतमा दर्ता भएका मुद्दा, रिट तथा निवेदनमा मुद्दाका पक्षहरूले (मुद्दाको स्थिति, मुद्दाको पेसी, साधारण तारिख, फैसला वा आदेश) को जानकारी एस.एम.एस. मार्फत जानकारी लिन चाहेमा सो को जानकारी एस.एम.एस. मार्फत नै प्राप्त हुने व्यवस्था समेत गरिएको छ । त्यसको लागि निम्न प्रक्रिया अपनाउनुपर्ने हुन्छ ।

**१. मुद्दा, रिट तथा निवेदनको दर्ता मिति र दर्ता नं. प्राप्त गर्न :-**

**RG Space मुद्दा नं. टाइप गर्ने**
**जस्तै : rg 068-WO-1268**
→ 30303 मा Message Send गर्ने

**२. पेसी मितिको जानकारी प्राप्त गर्न :-**

**HD Space मुद्दा नं. टाइप गर्ने**
**जस्तै : hd 068-WO-1268**
→ 30303 मा Message Send गर्ने

**३. मुद्दाको स्थितिको छोटो जानकारी प्राप्त गर्न :-**

**ST Space मुद्दा नं. टाइप गर्ने**
**जस्तै : st 068-WO-1268**
→ 30303 मा Message Send गर्ने

फारम नं.१

**हालसालै खिचिएको फोटो**

**सर्वोच्च अदालत**

मुद्दा तथा रिट महाशाखा

| | |
|---|---|
| मुद्दाका पक्ष वा वारिसको पूरा नाम, थर र वतन :- | |
| मोबाइल नं. :- | |
| सम्पर्क नं. :- | |
| इमेल :- | |
| नेपाली नागरिकको हकमा नागरिकता नं. :- | |
| विदेशी नागरिकको हकमा पासपोर्ट नं. वा स्पष्ट परिचय खुल्ने अन्य कागजात :- | |
| हस्ताक्षर | हस्ताक्षर |
| हस्ताक्षर | हस्ताक्षर |

| | |
|---|---|
| **दायाँ** | **बायाँ** |